# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०६।२६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०६।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | भरत राज आचार्य र रिता देवी खनाल (आचार्य) (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०४१५ र फैसला मिति २०७९/१०/१६) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी भरत राज आचार्यले निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४१/०६/१२ गतेदेखि मिति २०७६ जेठ मसान्तसम्म समग्र जाँच अवधिमा आर्जन गरेको वैध आय **रु. २,०७,७९,९८६।– (अक्षरुपी दुई करोड सात लाख उनासी हजार नौ सय छयासी रुपैयाँ)** को तुलनामा सोही अवधिमा निजले **रु. ५,२९,४२,४६६।– (अक्षरुपी पाँच करोड उनन्तीस लाख बयालिस हजार चार सय छैसठ्ठी रुपैयाँ)** लगानी तथा खर्च (व्यय) गरेको देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम **रु. ३,२१,६२,४८०।– (अक्षरुपी तीन करोड एक्काइस लाख बयसाठ्ठी हजार चार सय असी रुपैयाँ)** बराबरको सम्पत्तिको स्रोत नखुलेको उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको | <u>फैसलाः</u><br>आंशिक वादी दावी पुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br>• <u>आयतर्फः</u><br>**(क) प्रतिवादी भरत राज आचार्यको पारिश्रमिक बचत आयः**<br>यस शीर्षकमा आयोगबाट नागरिक लगानी कोष र सञ्चय कोष कट्टी समेतको कूल अङ्क घटाई ३०% जीवन निर्वाह खर्च कटाएर जाँच अवधिमा जम्मा रु. २१,६१,१५५।– आय गणना गरिएकोमा प्रतिवादी भरत राज आचार्यले मिति २०७७/०३/१९ सम्मको थप एक वर्षको पारिश्रमिक पनि गणना हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीले आयोगले देखाएको अङ्कलाई अन्यथा भन्न सकेको नदेखिएको र जाँच अवधिपछिको पारिश्रमिक आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(ख) प्रतिवादी भरत राज आचार्यका छोराको पारिश्रमिक बचत आयः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी भरत राज आचार्यका छोरा सुशान्त आचार्यले कीर्तिपुर अस्पतालमा काम गरेवापतको रु. १,६३,८८२।– को १५% जीवन निर्वाह खर्च कटाई जम्मा रु. १,३९,३००।– आयमा कायम गरिएकोमा प्रतिवादीबाट निजको पारिश्रमिक बचत जम्मा रु. ५,२३,७१५।– कायम हुनुपर्ने जिकिर देखिन्छ। यस सम्बन्धमा, काठमाण्डौ कलेजमा इन्टर्नशिपको अवधिमा काम गरेवापत रु. १,४४,४१५।-; हेम्स अस्पतालमा मिति २०७५/०५/०१ देखि ४ महिनासम्म मासिक रु. ३५,०००।– को दरले हुने रु. १,४०,०००।– समेत प्रतिवादी भरत राज आचार्यका छोराले जम्मा पाएको पारिश्रमिकको १५% जीवन निर्वाह खर्च कटाउँदा जम्मा रु. ३,२६,६३०।– कायम हुने देखिएको।<br>प्रतिवादी भरत राज आचार्यले निजका छोराको कलेजको Security Deposit वापतको रु. १,००,०००।– फिर्ता लिएको प्रमाण पेश नगरेकोले निज प्रतिवादीको जिकिर बमोजिम उक्त रकम आयमा थप गणना गर्न नमिल्ने।<br>**(ग) कृषि आयः**<br>यस शीर्षकमा आयोगबाट जिल्ला पाल्पामा रहेको जग्गाको वि.सं. २०४१ सालदेखि प्रत्येक वर्षको धान, गहुँ र अन्य हिसाब निकाली आम्दानी क्रमशः रु. ९,७४,०२२।८७, रु. ३,११४८४।९८ र रु. ४,१९,२७७।७२ देखाई समग्र आम्दानी रु. १७,०४,८८५।५७ र जिल्ला बर्दियाको पनि २०४१ सालदेखि धान, | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका आयतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको छः**<br>• **<u>आयतर्फः</u>**<br>**(क) सापटी फिर्ताः**<br>▪भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) मा *"प्रचलित कानुनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानुनबमोजिम पेश गरेको सम्पत्ति विवरण अमिल्दो तथा अस्वाभाविक देखिन आएमा वा निजले मनासिब कारण बिना आमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नु पर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको मानिनेछ।"* भन्ने प्रावधानले प्रतिवादीले नै निजले आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने स्पष्ट गरेको देखिन्छ। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट *"...निर्दोषिताको प्रमाण प्रतिवादी पक्षले गुजार्नुपर्छ। अर्थात् उसले अदालतलाई आफूसँग रहे भएको सम्पत्तिको वैधता तर्कसङ्गत रूपमा स्थापित गर्नुपर्ने।"*[1] भन्ने समेतका प्रतिपादित सिद्धान्तले गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा प्रमाणको भार अभियुक्तमा सर्ने भनी व्याख्या भएको देखिन्छ।<br>▪प्रस्तुत मुद्दामा जाँच अवधिमा प्रतिवादी रिता देवी खनाल |

[1] *नेपाल सरकार वि. देवेन्द्र डंगोल समेत,* मुद्दाः गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (ने.का.प. २०७५, अंक १, नि.नं. ९९३२)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिँदा प्रतिवादी भरत राज आचार्यले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि भएकोले **बिगो रु. ३,२१,६२,४८०।–** **(अक्षरुपी तीन करोड एक्काइस लाख बयसाठ्ठी हजार चार सय असी रुपैयाँ)** कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ बमोजिम सोही ऐनको दफा ३ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै प्रतिवादी भरत राज आचार्यले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको हाल निज प्रतिवादी तथा निजको श्रीमती प्रतिवादी रिता देवी खनाल (आचार्य) समेतका नाममा दर्ता कायम रहेको **रु. २,४२,७४,०४४।–** बराबरको चल अचल सम्पत्ति र नपुग हुन आउने **रु. ७८,८८,४३६।–** समेत | मकै र गहुँको समग्र आम्दानी रु. ४१,३२,३२३।५० समेत गरी दुवै जिल्लाको कृषि आम्दानी जम्मा रु. ५८,३७,२०९।– देखाई सो आयलाई प्रतिवादी भरत राज आचार्यका दाजु/भाइ र बुवा/आमा समेत ५ अंशियारहरु बिच भाग लगाउँदा निज प्रतिवादी अंश भागमा रु. ११,६७,४४१।– कायम गरिएकोमा निज प्रतिवादीले भाइ विष्णु आचार्य र बुवा/आमाको भाग पनि निजले लिने गरेको तथा जिल्ला पाल्पाको कोदो, तोरी, अदुवा, आलु, बेसार जस्ता नगदे बालीको आयमा गणना नगरिएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, आयोगको कृषि आयको गणनालाई अन्यथा भन्न मिल्ने नदेखिएको र प्रतिवादीको जिकिर प्रमाणको अभावमा पुष्टि हुने नदेखिएकोले यस शीर्षकमा आयोगबाट भएको गणना मनासिबै देखिएको।<br>**(घ) विभिन्न बैंक तथा वित्तीय संस्था एवम् कर्मचारी सञ्चय कोष/नागरिक लगानी कोष लगायतबाट लिएका कर्जा आयः**<br>यस शीर्षकमा आयोगबाट जाँच अवधिमा प्रतिवादी भरत राज आचार्यको कर्जा वापतको रकम जम्मा रु. १,०६,४६,५५२।– आयमा कायम गरिएकोमा निज प्रतिवादीले जनता बैङकबाट रु. ३४,२०,०००।– कर्जा लिएकोमा रु. ३४,००,०००।– मात्र गणना भई रु. २०,०००।– गणना हुन छुट भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, Bank Statement समेतबाट पुष्टि भएकोले प्रतिवादीको जिकिर बमोजिम रु. २०,०००।– थप हुने भई यस शीर्षकमा जम्मा रु. १,०६,६६,५५२।– कायम हुने देखिएको।<br>**(ङ) घर तथा जग्गा बिक्रीबाट प्राप्त रकमः**<br>▪ यस शीर्षकमा आयोगबाट जाँच अवधिमा जम्मा रु. २९,४३,५००।- कायम गरिएकोमा प्रतिवादी भरत राज आचार्यले विभिन्न मितिमा बिक्री गरिएका जिल्ला पाल्पा, गेझाको ६९ रोपनी पैत्रिक जग्गा रु. ३५,३९,०००।–; मिति २०४५/०२/३० मा बिक्री गरिएको जिल्ला बर्दियाको १ बिगाहा जग्गा रु. ५०,०००।– र मिति २०४६/१२/०१ मा सोही जिल्लाको १० कठ्ठा जग्गा रु. ३०,०००।– समेत गरी जम्मा रु. ३६,१९,०००।– को ५ भागको १ भागले हुने रु. ७,२३,८००।– निजको आयमा थप गणना हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी र निजको अंशियारहरुका नाममा उक्त जग्गाको स्वामित्व साविकमा भएको देखिएता पनि निज प्रतिवादीले उक्त जग्गाहरु बिक्री नै गरेको पुष्टि हुने प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादी समेतले बकसपत्र, दान वा अन्य प्रकारले प्रतिफल नलिई हस्तान्तरण गरेको पनि हुन सक्ने सम्भावना देखिएकोले निज प्रतिवादीको जिकिर समर्थित भएको नदेखिँदा सो रकम यस शीर्षकमा गणना हुने नदेखिएको।<br>▪ त्यसैगरी, प्रतिवादी भरत राज आचार्यले निजको नामको जग्गा मिति २०४५/०२/३० मा रु. १६,०००।– मा बिक्री गरेको पारित लिखतबाट | (आचार्य)को विभिन्न बैंक खाताबाट विभिन्न मिति र अङ्कमा चेक मार्फत् ७ पटक गरी कूल जम्मा रु. २९,१२,०००।– रकम मिना रावललाई दिएको तथ्यमा विवाद देखिँदैन। प्रतिवादी रिता देवी खनाल (आचार्य) को नेपाल बंगलादेश बैंकको खाता नं. ००५०७६६७ GB मा २४ अप्रिल, २००८ मा मिना रावलबाट रु. ६,००,०००।– प्राप्त भएको देखिन्छ। अनुसन्धानको क्रममा प्रतिवादी भरत राज आचार्यले बामदेव रावल र मिना रावल श्रीमान-श्रीमति भएको; छिमेकी भएकोले निजहरुसँग सरसापटी, लेनदेन, कारोबार हुने गरेको; सबै रकम फिर्ता भइसकेको भनी बयान गरी अदालतमा मिना रावललाई आफ्नो साक्षीको रुपमा उपस्थित गराएकोमा मिना रावलले वस्तुनिष्ठ प्रमाण नै पेश नगरी सापटी रकम नगदै फिर्ता गरेको भनी बकपत्र गरेको देखिन्छ। प्रतिवादी भरत राज आचार्यले निज र बामदेव रावल तथा मिना रावल बिच ठुलो अङ्कको कारोबार सम्बन्धमा वार्षिक रुपमा र आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उल्लेख गरेको देखिँदैन। यसरी, मिना रावलबाट प्राप्त रु. ६,००,०००।– रकम बाहेक, वस्तुनिष्ठ प्रमाण र मनासिब आधार तथा कारण बिना प्रतिवादी भरत राज आचार्यले मिना रावल समेतलाई दिएको ठुलो अङ्कको सापटी रकम फिर्ता पाएको भनी जिकिर लिनु मात्र आफैँमा अपर्याप्त हुने भई सो जिकिरलाई तथ्यपूर्ण, अकाट्य र वस्तुनिष्ठ आधार र प्रमाणबाट पुष्टि गरेको देखिँदैन।<br>▪यस शीर्षकमा आयोगबाट प्रतिवादी रिता देवी खनाल (आचार्य) को नेपाल बंगलादेश बैंकको खाता नं. ००५०७६६७ GB मा २४ अप्रिल, २००८ मा मिना रावलबाट सापटी फिर्ता रु. ६,००,०००।– आयमा गणना गरिएको छ। प्रतिवादी भरत राज आचार्यले रु. २३,६५,०००।– थप भई जम्मा रु. २९,६५,०००।– आयमा कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, सम्मानित विशेष अदालतबाट प्रतिवादीले उक्त जिकिर पुष्टि गर्ने प्रमाण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३; दफा १६ग; दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२); दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।<br>साथै, प्रतिवादी भरतराज आचार्यले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिबाट निज प्रतिवादीले आफ्नो श्रीमती प्रतिवादी रिता देवी खनाल (आचार्य) समेतको नाममा जग्गा खरिद, घर निर्माण, शेयर खरिद, बैंक मौज्दात समेतमा लगानी गरेको र प्रतिवादी भरत राज आचार्यले सिर्जना तथा खरिद गरेको स्रोत नखुलेको सम्पत्ति तथा खर्च लगानीको स्रोत नखुलेको बराबरको भाग | देखिएको र उक्त रकम यस शीर्षकमा समावेश भएको नदेखिँदा सो रकम यस शीर्षकमा थप हुने भई निज प्रतिवादीको जम्मा रु. २९,५९,५००।– आयमा कायम हुने देखिएको।<br>**(च) सवारी साधन बिक्री आयः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी भरत राज आचार्यको जम्मा रु. ५,७०,०००।- आयमा कायम गरिएकोमा निज प्रतिवादीले जम्मा रु. १९,४०,०००।– आयमा गणना गर्नुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीले प्रतिवादी रिता देवी खनाल (आचार्य)को नामको बा. १ ज ७५९१ नम्बरको माइक्रो बस रत्नकुमार श्रेष्ठलाई रु. १९,४०,०००।– मा बिक्री गर्दा तत्काल नगद रु. ५,७०,०००।– लिई रत्नकुमार श्रेष्ठले नेपाल बंगलादेश बैंकको प्रतिवादी रिता देवी खनाल (आचार्य) को नामको हायर पर्चेज कर्जा रु. १२,८६,१९१।– सकार गरी बाँकी रु. ८३,८०८।– नगदै लिएको भनी लिएको जिकिर पुष्टि गर्ने प्रमाण पेश गरेको नदेखिँदा यस शीर्षकमा थप रु. १३,७०,०००।– गणना गर्न मिल्ने नदेखिएको।<br>**(छ) सापटी फिर्ताः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी रिता देवी खनाल (आचार्य) को नेपाल बंगलादेश बैंकको खाता नं. ००५०७६६७ GB मा २४ अप्रिल, २००८ मा मिना रावलबाट सापटी फिर्ता रु. ६,००,०००।– आयमा गणना गरिएकोमा प्रतिवादी भरत राज आचार्यले रु. २३,६५,०००।– थप भई जम्मा रु. २९,६५,०००।– कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले उक्त जिकिर पुष्टि गर्ने प्रमाण पेश नगरेको देखिँदा उक्त जिकिरसँग सहमत हुन नसकिने।<br>**(ज) घर बहाल आयः**<br>▪ यस शीर्षकमा आयोगबाट प्रतिवादी रिता देवी खनाल (आचार्य)को नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १४, कुलेश्वर स्थित कि.नं. १४७ क्षेत्रफल ६-०-० मा बनेको घरबाट आयोगमा उजुरी पर्नु अगाडि नै विभिन्न मितिमा घर बहाल कर वापत बुझाएको कूल रु. ५५,३२०।– को प्रचलित १०% को दरले घर बहाल आय रु. ५,५३,२००।– हुने देखिएकोमा सो घरको निर्माण लागत रु. ५१,१९,९०७।– मा ८.२३% को भाग मात्र प्रतिवादी भरत राज आचार्यको वैद्य आयले खामेको देखिई स्रोत खुलेको मूलधनको ८.२३% बराबरको भाग रु. ४५,५२८।– वैद्य घर बहाल आयमा गणना गरिएकोमा निज प्रतिवादीले जम्मा ७०,५८,०००।– गणना हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी भरत राज आचार्यले प्रतिवादी रिता देवी खनाल (आचार्य)को नाममा रहेको | पेश नगरेको हुँदा प्रतिवादीको उक्त जिकिरसँग सहमत हुन नसकिएको भनी प्रतिवादीले सापटी वापत दिएको रकम बामदेव रावल तथा मिना रावलबाट फिर्ता पाएको कुरालाई पुष्टि गर्ने ठोस तथा यथार्थपरक आधार र प्रमाण पेश गर्न नसकेको अवस्थामा कानुनी व्यवस्था र सम्मानित सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्त विपरीत प्रस्तुत मुद्दाको तथ्यलाई विश्लेषण नै नगरी सिधै प्रतिवादीको जाँच अवधिको समग्र वैधानिक आय कायम गरिएको तालिकामा मात्र यस शीर्षकमा जम्मा रु. २९,१२,०००।– आयमा कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ।<br>**(ख) घर बहाल आयः**<br>▪ सम्मानित सर्वोच्च अदालतबाट *"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरूमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरूको सो अवधिमा निजलाई कानूनी रूपमा प्राप्त भएका आयहरूबाट स्रोत पुष्टि गर्न सक्नुपर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिँदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने।"*[२] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि व्यक्तिको नाममा रहेको सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि सोही व्यक्तिको आम्दानीको स्रोत बन्न सक्ने नै हुन्छ, तर आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्नै पर्ने हुन्छ[३] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यस्तै, सम्मानित |

[२] *नेपाल सरकार वि. युवराज शर्मा समेत,* मुद्दाः गैरकानुनी सम्पत्ति भ्रष्टाचार (ने.का.प. २०६९, अंक ९, नि.नं. ८८८६)

[३] *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी भरत राज आचार्यकी श्रीमती रिता देवी खनाल (आचार्य)लाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको। | तत्कालीन जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं. २ स्थित कि.नं. ४२९ क्षेत्रफल ०-१-० मा रहेको घर आ.व. २०५२/०५३ देखि आ.व. २०५९/०६० सम्म भाडा वापत जम्मा रु. ८,२८,०००।– आय भएको जिकिर लिएको देखिएकोमा सो घरमा बुवा र आमा सहित आफै बसेको भनी यी प्रतिवादीको भनाई देखिएको र सो घर जम्मा ४ कोठाको १ तल्ले कच्ची भन्ने देखिँदा आफू बसी भाडामा पनि लगाएको जिकिर स्वभाविक नदेखिएको साथै, उक्त घर भाडामा लगाएको घर बहाल सम्झौता र बहाल कर तिरेको प्रमाण पनि पेश गरेको नदेखिएको हुँदा प्रतिवादीको जिकिर पुग्न सक्ने नदेखिएको।<br>▪ त्यसैगरी, प्रतिवादी रिता देवी खनाल (आचार्य)को नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १४, कुलेश्वर स्थित कि.नं. १४७ क्षेत्रफल ६-०-० मा बनेको घरबाट जम्मा रु. ६२,३०,०००।– घर बहाल आय प्राप्त भएको जिकिर प्रतिवादी भरत राज आचार्यले लिएकोमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम निज प्रतिवादीले उक्त घरको डेढ तल्ला आफैले प्रयोग गरी बाँकी दुई तल्ला भाडामा लगाउन र घर बहाल पाउन सक्ने न्यायोचित अनुमान गर्नुपर्ने देखिई उक्त घरको २०६४ सालदेखि २०६९ सालसम्म ६ वर्षको मासिक भाडा प्रति तल्ला रु. ८,०००।– को दरले हुने २ तल्लाको जम्मा रु. ११,५२,०००।– र २०७० सालदेखि जाँच अवधिको अन्त्यसम्म बाँकी ६ वर्षको प्रति तल्ला मासिक रु. १०,०००।– को दरले जम्मा रु. १४,४०,०००।– गरी कूल जम्मा रु. २५,९२,०००।– घर बहाल आयमा गणना हुने देखिएको।<br>(झ) **प्रतिवादी भरत राज आचार्यले विभिन्न कार्यालयहरुमा कार्यरत रहँदा प्राप्त गरेको दुर्गम तथा अन्य विविध भत्ताः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी भरत राज आचार्यले रुकुम, जुम्ला, मुस्ताङ लगायतका दुर्गम स्थानमा कार्यरत रहँदा प्राप्त गरेको दुर्गम तथा अन्य विविध भत्ता जम्मा रु. २२,२३,४०९।– को ४०% ले हुने रु. ८,८९,३६३।– आयमा गणना गरिएकोमा निज प्रतिवादीले जम्मा रु. १३,४२,२३९।– गणना हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, मितव्ययी रुपमा खर्च गरेमा दुर्गम भत्ताको ५०% भन्दा बढी बचत गर्न सक्ने न्यायोचित अनुमान गर्दा यस शीर्षकमा प्रतिवादीको जम्मा रु. ११,११,७०४।५० आय कायम हुने देखिएको।<br>(ञ) प्रतिवादी भरत राज आचार्यको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट प्रतिवादी रिता देवी खनाल (आचार्य)को पारिश्रमिक बचत आय रु. २,२५,८१७।-; प्रतिवादी भरत राज आचार्यका छोरा सुदीप आचार्यको पारिश्रमिक बचत आय रु. ५,३०,३३०।-; प्रतिवादी भरत राज आचार्यका | सर्वोच्च अदालतबाट जाँच अवधिमा खरिद गरिएको जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा मान्यता दिइन्छ भने उक्त जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्छ तथा आधारभूत सम्पत्तिको स्रोत पुष्टि भएमा उक्त सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः वैध आर्जन हुने र आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेमा त्यस्तो सम्पत्तिबाट बढेबढाएको सम्पत्ति पनि स्वतः अवैध हुने[४] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यसरी, खरिद तथा लगानी गरिएको सम्पत्ति बिक्री गरी आर्जन गरेको आय दावी गर्ने व्यक्तिले मूलधन अर्थात खरिद गरिएको सम्पत्तिमा भए गरेको शुरु लगानीको स्रोत पुष्टि गर्नुपर्ने हुन्छ।<br>▪ प्रस्तुत मुद्दामा यस शीर्षकमा आयोगबाट प्रतिवादी रिता देवी खनाल (आचार्य)को नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १४, कुलेश्वर स्थित कि.नं. १४७ क्षेत्रफल ६-०-० मा बनेको घरबाट आयोगमा उजुरी पर्नु अगाडि नै विभिन्न मितिमा घर बहाल कर वापत बुझाएको कूल रु. ५५,३२०।– को प्रचलित १०% को दरले घर बहाल आय रु. ५,५३,२००।– हुने देखिएकोमा सो घरको निर्माण लागत रु. ५१,१९,९०७।– मा ८.२३% को भाग मात्र प्रतिवादी भरत राज आचार्यको वैद्य आयले खामेको देखिई स्रोत खुलेको मूलधनको ८.२३% बराबरको भाग रु. ४५,५२८।– वैद्य घर बहाल आयमा गणना गरिएको छ। उक्त घर निर्माण भएको बखत आधारभूत सम्पत्तिको स्रोत पुष्टि नभएको र वैद्य बचत मौज्दात आयले खामेको नदेखिएको अवस्थामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा मान्यता विपरीत सम्मानित विशेष अदालतबाट जम्मा रु. २५,९२,०००।– सम्पूर्ण रकम घर बहाल आयमा कायम हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ।<br>**(ग) आयोगले गणना नगरेको तर प्रतिवादीले जिकिर** |

[४] *नेपाल सरकार वि. खुमबहादुर खड्का समेत,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | छोरा सुशान्त आचार्यको अध्ययनार्थ प्राप्त छात्रवृत्ति रकम रु. ५,००,०००।– र सवारी साधन सञ्चालन आय रु. ३,६०,०००।– कायम भएकोमा प्रतिवादीले अन्यथा जिकिर लिएको नदेखिएको र दवै पक्षको कुरा देखिएको।<br>**(ट) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) बैंक मौज्दातको ब्याज र व्यक्तिगत लगानीको ब्याजः**<br>▪ यस शीर्षकमा प्रतिवादी भरत राज आचार्यले जम्मा रु. २९,८५,५८६।– प्राप्त गरेको Bank Statement बाट देखिएकोले उक्त रकम गणना हुनुपर्ने जिकिर लिएकोमा प्रतिवादी र निजका परिवारका सदस्यहरुको बैंकमा रहेको खातामा जम्मा रु. ४०,२७,६२७।– रहेको मौज्दातको जम्मा रु. २,४०,०००।– ब्याज प्राप्त गरेको देखिएको र उक्त रकम यी प्रतिवादीको गैरकानुनी सम्पत्ति अर्थात स्रोत नखुलेको सम्पत्ति हो भन्ने पुष्टि नभएको देखिँदा सो रकम प्रतिवादीको आयमा समावेश हुनुपर्ने देखिएको।<br>▪ तर, प्रतिवादी भरत राज आचार्यले विभिन्न व्यक्तिहरु बामदेव रावल, बद्री सिग्देल, गोपाल जोशी समेतलाई सापटी दिएको रु. २९,६५,०००।– बाट रु. ६,००,०००।– ब्याज वापत प्राप्त रकमलाई आयमा समावेश गर्नुपर्ने जिकिर पुष्टि गर्ने प्रमाण पेश गरेको नदेखिँदा उक्त जिकिरसँग सहमत हुन नसकिने।<br>**(आ) शेयर लगानीबाट प्राप्त लाभांशः**<br>यस शीर्षकमा प्रतिवादी भरत राज आचार्यले जम्मा रु. ४,६०,७९८।– आयमा वापत प्राप्त गरेको जिकिर लिएकोमा प्रतिवादीहरु भरत राज आचार्य र रिता देवी खनाल (आचार्य)को प्रभु बैंकको खाता र प्रतिवादी भरत राज आचार्यको एनएमबि बैंकको खाताको Bank Statement समेतबाट लाभांश प्राप्त गरेको देखिँदा प्रतिवादीको जिकिर बमोजिम जम्मा रु. ४,६०,७९८।– आयमा गणना हुनुपर्ने देखिएको।<br>**(इ) प्रतिवादीहरुको विवाह र चाडपर्वमा प्राप्त दान दक्षिणाः**<br>▪ यस शीर्षकमा प्रतिवादी भरत राज आचार्यले वि.सं. २०४३ सालमा विवाह हुँदा इष्टमित्र, माइती, मावली तथा छरछिमेकबाट उपहार, गोडधुवा तथा नगद उपहार समेत जम्मा रु. १,४०,०००।– आयमा समावेश गर्नुपर्ने जिकिर लिएकोमा हाम्रो सामाजिक परिवेशमा उक्त जिकिर स्वभाविक देखिएको र सम्मानित सर्वोच्च अदालतबाट छोरी चेली जन्मेदेखि नै माइती, मावली वा आफन्तबाट कुनै समारोह, चाडवाड, उत्सव, जन्मदिनका अवसरमा समेत टिकाटालोबाट नगद पाउने गर्छन्, जुन त्यसरी नगद पाउने व्यक्तिको निजी हुने हाम्रो नेपाली समाजको विशिष्ट चरित्र हो भनी व्याख्या भएको परिप्रेक्ष्यमा तत्कालीन परिवेश अनुसार रु. १,००,०००।– सम्मको रकमलाई स्वभाविक मान्नुपर्ने देखिएको।<br>▪ त्यस्तै, प्रतिवादी रिता देवी खनाल (आचार्य)ले दशैं तिहार लगायतका चाडपर्व, | **लिएको निम्न आय शीर्षकको सम्बन्धमाः**<br>**(अ) सुन बिक्रीः**<br>यस शीर्षकमा प्रतिवादी भरत राज आचार्यले विवाहमा माइती र ससुराली पक्षबाट उपहारको रुपमा दिएको १४ तोला सुनमध्ये १० तोला सुन प्रति तोला रु. १०,०००।– को दरले २०५२ सालमा भरतपुरमा जग्गा किन्ने क्रममा बिक्री गरेको जिकिर लिएता पनि निज प्रतिवादीले सुन बिक्रीको प्रमाण कागजात समेत पेश गर्न सकेको देखिँदैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कानुनी व्यवस्था बमोजिम प्रतिवादीले नै निजले आर्जन गरेको सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने र यसै सन्दर्भमा गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दामा प्रमाणको भार अभियुक्तमा सर्ने भनी सम्मानित सर्वोच्च अदालतबाट भएको व्याख्या विपरीत प्रतिवादीले आफ्नो जिकिर पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेश नगरेको अवस्थामा सम्मानित विशेष अदालतबाट छोरी ज्वाइलाई विवाहमा गहना उपहारको रुपमा दिने नेपाली प्रचलन रहेको, प्रतिवादीले सो तथ्यलाई आफ्नो बयान तथा सम्पत्ति विवरणमा समेत उल्लेख गरेको देखिँदा प्रतिवादीको जिकिर मनासिबै देखिएको भनी यस शीर्षकमा जम्मा रु. ९०,०००।– आयमा कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>(घ) प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी भरत राज आचार्यका छोरा सुशान्त आचार्यको पारिश्रमिक बचत आय रु. ३,२६,६३०।–; विभिन्न बैंक तथा वित्तीय संस्था एवम् कर्मचारी सञ्चय कोष/नागरिक लगानी कोष लगायतबाट लिएका कर्जा आय रु. १,०६,६६,५५२।–; घर तथा जग्गा बिक्रीबाट प्राप्त रकम रु. २९,५९,५००।– र प्रतिवादी भरत राज आचार्यले विभिन्न कार्यालयहरुमा कार्यरत रहँदा प्राप्त गरेको दुर्गम तथा अन्य विविध भत्ता रु. ११,११,७०४।– आयको रुपमा कायम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पूजा पाठ आदिमा टिकाटालोबाट प्राप्त गरेको रु. ५०,०००।– गणना गर्नुपर्ने जिकिर मनासिबै देखिएता पनि सोको प्रमाण पेश नभएको र हुनसक्ने अवस्था पनि नदेखिँदा स्वभाविक अनुमानको आधारमा जम्मा रु. २५,०००।– सम्म प्राप्त गरेको मान्नुपर्ने देखिएको।<br>**(ई) सुन बिक्रीः**<br>यस शीर्षकमा प्रतिवादीहरुले विवाहमा माइती र ससुराली पक्षबाट उपहारको रुपमा दिएको १४ तोला सुनमध्ये १० तोला सुन प्रति तोला रु. १०,०००।– को दरले २०५२ सालमा भरतपुरमा जग्गा किन्ने क्रममा बिक्री गरेको जिकिर लिएको देखिएकोमा छोरी ज्वाइलाई विवाहमा गहना उपहारको रुपमा दिने नेपाली प्रचलन रहेको, प्रतिवादीले सो तथ्यलाई आफ्नो बयान तथा सम्पत्ति विवरणमा समेत उल्लेख गरेको देखिँदा निजहरुको जिकिर मनासिबै देखिँदा जम्मा रु. ९०,०००।– समावेश हुनुपर्ने देखिएको।<br>**(उ) विविध आयः**<br>यस शीर्षकमा प्रतिवादी भरत राज आचार्यले अंशवण्डा हुँदा नगद रु. ४,५०,०००।–, २०५२ सालमा घर बनाउने क्रममा ससुराले सहयो स्वरुप दिएको रु. २,००,०००।–, प्रतिवादी रिता देवी खनाल आचार्यको नेपाल इन्स्योरेन्स कम्पनीको अभिकर्ता एजेन्ट कमिशन वापत र बीमा लेख वापत रु. ७,४५,३०८।– र पुष्पप्रसाद पोखरेललाई जग्गा बैनावापत दिएको तथा सापटी फिर्ताको रु. ६३,३७,०००।– आयमा समावेश हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, यी प्रतिवादीले आफ्नो जिकिरलाई पुष्टि गर्ने प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादीको जिकिर बमोजिमको रकमलाई आयमा समावेश गर्न नमिल्ने।<br>• **व्ययतर्फः**<br>**(क) जग्गा खरिदः**<br>यस शीर्षकमा आरोपपत्रमा प्रतिवादीको जाँच अवधिमा जम्मा रु. १,१२,७९,७२०।– व्ययमा कायम भएको देखिन्छ। प्रतिवादी भरत राज आचार्यले जम्मा रु. ३७,५९,७२०।– मात्र कायम हुनुपर्ने भनी जिकिर लिएकोमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा जग्गा खरिदबिक्री गर्दा हुने खर्च एवम् आम्दानी यकिन गर्दा लिखतमा अङ्कित मूल्यलाई आधार मानी गणना गर्नुपर्ने सिद्धान्त प्रतिपादन भएको अवस्थामा प्रस्तुत मुद्दामा पारित लिखतमा रु. ४९,९६,५००।– उल्लेख भएको देखिँदा सोही बमोजिमको रकम खर्च कायम हुने देखिएको।<br>**(ख) घर निर्माणको लागत खर्चः**<br>▪ यस शीर्षकमा आयोगबाट प्रतिवादी भरत राज आचार्यको जाँच अवधिमा जम्मा रु. ५३,६९,९०७।– खर्चमा गणना गरिएकोमा प्रतिवादीले घर निर्माणमा जम्मा रु. २५,५०,०००।– मात्र खर्च भएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीले उक्त घरहरु आफैले बनाएको देखिँदा २०% ओभरहेड | गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>**(ङ)** आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट बैंक मौज्दातको ब्याज र व्यक्तिगत लगानीको ब्याज रु. २,४०,०००।–; शेयर लगानीबाट प्राप्त लाभांश रु. ४,६०,७९८।– र प्रतिवादीहरुको विवाह र चाडपर्वमा प्राप्त दान दक्षिणा रु. १,२५,०००।– आयमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>• **व्ययतर्फः**<br>**(क) जग्गा खरिदः**<br>▪ प्रस्तुत मुद्दामा प्रतिवादी भरत राज आचार्यले आफू र श्रीमति प्रतिवादी रिता देवी खनाल (आचार्य) समेतका नाममा दर्ता कायम रहने गरी चितवन, रुपन्देही, बाँके र काठमाण्डौ जिल्लाहरुमा जग्गा खरिदको लागत खर्चको सम्बन्धमा अन्यथा पुष्टि नभएको देखिँदा सम्बन्धित मालपोत कार्यालयबाट पारित लिखतमा उल्लिखित थैली रकमलाई खरिद मूल्य मानेर पारित लिखतमा उल्लिखित थैली रकम र रजिष्ट्रेशन दस्तुर वापत मालपोत कार्यालयमा तिरे बुझाएको राजस्व समेतको रकमलाई निज प्रतिवादीको व्ययतर्फ गणना गरिएको हो।<br>▪ प्रतिवादी रिता देवी खनाल (आचार्य)को नाममा दर्ता कायम रहने गरी जिल्ला भक्तपुर, बालकोट वडा नं. २ स्थित कित्ता नं. ३४३२, ३४२९ र ३१०८ को ०-८-१-० क्षेत्रफलको जग्गाहरु मिति २०७२/०५/३० गते लिखतमा थैली अंक रु. २०,६३,०००।– उल्लेख भएको देखिएता पनि जग्गा बिक्रीकर्ता पुष्पप्रसाद पोखरेलले अनुसन्धानको क्रममा र अदालतमा उपस्थित भई गरिदिएको कागजमा र बकपत्रमा लिखतमा कम रकम उल्लेख भएता पनि उक्त जग्गाहरु चेक मार्फत भुक्तानी लिएको मूल्य मै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खर्च समेत घटाउँदा जम्मा रु. ४७,७७,३८६।– खर्च भएको देखिएको।<br>▪ उक्त घरमा प्रयोग भएका फर्निचरहरु विवाहमा प्राप्त भएको र पुरानो प्रयोग हुँदा फर्निचरतर्फको बिगो पनि सबै घटाउनुपर्ने भन्ने प्रतिवादीको जिकिरलाई पुष्टि गर्ने प्रमाण पेश गर्न सकेको नदेखिँदा उक्त जिकिरसँग सहमत हुन नसकिने।<br>**(ग) बहाल कर लगायतमा तिरे बुझाएको कर रकमः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी भरत राज आचार्यले जम्मा रु. ७,०२,१०२।– खर्च गरेको भनी दावी लिइएकोमा निज प्रतिवादीले काठमाण्डौ महानगरपालिकामा घर बहाल वापत मिति २०७५/०३/२८ मा तिरिएको रु. २५,९२०।– दोहोरो जोडिएको हुँदा सो घटाउनुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीले मिति २०७५/०३/२८ मा तिरेको रु. २५,९२०।– दोहोरो गणना गरेको देखिँदा सो रकम घटाउँदा प्रतिवादीको यस शीर्षकमा जम्मा रु. ६,७६,२००।– मात्र कायम हुने देखिएको।<br>**(घ) प्रतिवादी रिता देवी खनाल (आचार्य)को बैंक खातामा जम्मा गरिएको स्रोत नखुलेको रकमः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीको जम्मा रु. ३४,००,०००।– खर्च कायम गरिएकोमा प्रतिवादीले अन्य बैंकबाट झिकी जनता बैंकमा जम्मा गरिएको र सोही रकम जग्गा खरिदमा प्रयोग भएकोले सो रकम घटाइनु पर्छ भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीको Bank Statement बाट सो बमोजिम एक बैंकबाट झिकी अर्कोमा जम्मा गरेको नदेखिँदा उक्त रकम आरोप दावी बमोजिम प्रतिवादीको खर्चमा गणना हुने देखिएको।<br>**(ङ) शैक्षिक खर्चः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीको जम्मा रु. ५०,२०,३२०।– खर्च कायम गरिएकोमा सो मध्ये रु. १,०२,६९९।– दोहोरो परेकोले घटाइनु पर्छ भनी प्रतिवादीको जिकिर रहेको देखिन्छ। यस सम्बन्धमा, आरोपपत्रको पृष्ठ ३० मा आ.व. २०५१/०५२ देखि आ.व. २०६२/०६३ सम्म प्रतिवादीका छोराहरुको शैक्षिक खर्च रु. १,१९,०००।– र २०६० सालदेखि २०६६ सालसम्म प्रतिवादीका छोरा सुशान्त आचार्यको अध्ययन खर्च रु. १,७९,७१७।– आय व्ययको प्रवाह विवरण (Cash Flow Chart) मा समावेश भई उक्त रकम फरक फरक अवधिको देखिँदा दोहोरो परेको भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।<br>**(च) सवारी साधन खरिदः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीको जम्मा रु. १७,०५,५००।– खर्च गणना गरिएकोमा प्रतिवादीले माइक्रो बस सञ्चालनतर्फ प्राप्त आय गणना गर्दा मर्मत खर्च समेत कटाई गणना गरेको हुँदा मर्मततर्फको रु. २०,९४८।– घटाइनुपर्ने भनी जिकिर मनासिबै देखिँदा सो रकम घटाउँदा जम्मा रु. १६,८४,५५२।– कायम हुने देखिएको। | बिक्री गरेको हो र प्रतिवादी भरत राज आचार्यसँग मेरो कुनै सरसापटी तथा लेनदेनको कारोबार रहेको छैन भनी खुलाएको देखिन्छ। जग्गा बिक्रीकर्ता पुष्पप्रसाद पोखरेलको उक्त भनाई प्रतिवादी रिता देवी खनाल (आचार्य)को जनता बैंक लि.मा रहेको खाता नं. ०३७१०७०१७६७६९०१ बाट २० अगस्ट, २०१७ (वि.सं. २०७४/०५/०४) मा रु. १५,००,०००।– र १७ सेप्टेम्बर, २०१५ (वि.सं. २०७२/०५/३१) मा रु. ४३,००,०००।– र प्रतिवादी रिता देवी खनाल (आचार्य)को नाममा प्रभु बैंक लि.मा रहेको खाता नं. ००१०१००००४५८००००००१ बाट १७ सेप्टेम्बर, २०१५ (वि.सं. २०७२/०५/३१) मा रु. २६,००,०००।– गरी कूल रु. ८४,००,०००।– रकम चेक मार्फत जग्गा बिक्रीकर्ता पुष्पप्रसाद पोखरेललाई भुक्तानी दिएको तथ्य मिसिल संलग्न बैंक स्टेटमेन्टहरुबाट थप पुष्टि भएको देखिन्छ। प्रतिवादी भरत राज आचार्यले उक्त जग्गा खरिद गरेको मिति र समयमा जग्गा बिक्रीकर्ता पुष्पप्रसाद पोखरेललाई भुक्तानी गरेको उक्त रकमहरुका सम्बन्धमा जग्गा बिक्रीकर्ता पुष्पप्रसाद पोखरेलसँग लेनदेन, सापटी, कारोबार रहेको र सो रकमहरु निजबाट फिर्ता भइसकेको भनी उल्लेख गरेता पनि उक्त भनाईलाई वस्तुनिष्ठ तथा तथ्यपरक प्रमाणबाट पुष्टि समेत गरेको नदेखिएकोले र पारित लिखतमा उल्लिखित रकमभन्दा फरक रकममा जग्गा खरिद भएको प्रमाणित भएकोले उक्त जग्गाहरुको खरिद मूल्य रु. ८४,००,०००।– र रजिष्ट्रेशन दस्तुर रु. ७२,२०५।– गरी जम्मा रु. ८४,७२,२०५।– परल खर्चमा गणना गरिएको हो।<br>▪ सम्मानित सर्वोच्च अदालतबाट *"...सम्पत्ति आर्जन गर्दाको अवस्थामा लागेको लागत मूल्य कति हो भन्ने यकिन गर्दा सर्वप्रथम लिखतमा जनिएको वा उल्लेख भएको मूल्यलाई आधिकारिक मूल्य मान्नु पर्ने हुन्छ। किनकि प्रमाण कानूनले **अन्यथा प्रमाणित नभएसम्म** लिखत प्रमाणलाई सर्वोत्तम प्रमाणको रूपमा* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **(छ) सुन खरिदः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीको जम्मा रु. ८,४०,०००।– खर्च गणना गरिएकोमा प्रतिवादीले उक्त सुन खरिद गरेको नभई पैत्रिक तथा विवाहमा प्राप्त गरेको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी भरत राज आचार्यले पेश गरेको सम्पत्ति विवरण अनुसार यी प्रतिवादीले बिक्री गरेको १० तोला सुनको अतिरिक्त १४ तोला सुन यी प्रतिवादीसँग देखिँदा सोको खरिद मूल्य रु. ८,४०,०००।– कायम गरी व्यय गणना गरेको मिलेकै देखिएको।<br>**(ज) विभिन्न बैंक तथा वित्तीय संस्था एवम् कर्मचारी सञ्चय कोष/नागरिक लगानी कोष लगायतबाट लिएका कर्जा चुक्ता प्रयोजनार्थ बुझाएको साँवा ब्याज एवम् सेवा शुल्कः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादीको जम्मा रु. १,११,५६,५५६।– खर्च गणना गरिएकोमा प्रतिवादीले जम्मा रु. १,०७,७१,३६५।– मात्र खर्च भई रु. ३,८५,१३१।– घटाउनुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले आयोगले देखाएको विवरणलाई अन्यथा भन्न सकेको नदेखिँदा प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।<br>**(झ) साथमा रहेको नगदः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी भरत राज आचार्यले पेश गरेको सम्पत्ति विवरण समेतको आधारमा निज प्रतिवादीको जम्मा रु. ५०,०००।– कायम गरिएकोमा उक्त रकम ७०% बचत मध्येको रकम भएकोले घटाउनुपर्ने भनी प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।<br>**(ञ) प्रतिवादी भरत राज आचार्य र निजका परिवारका सदस्यहरुको नाममा बैंक खातामा देखिएको अन्तिम मौज्दातः**<br>यस शीर्षकमा आयोगबाट विवरणसहित प्रतिवादी भरत राज आचार्यको जम्मा रु. ४०,५६,५४६।– कायम गरिएकोमा निज प्रतिवादीले निजहरु उपर आरोपपत्र दर्ता हुँदा जम्मा रु. ३,३७,५४६।– मात्र मौज्दात रहेकोले रु. ३७,१९,०००।– घटाउनुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, आयोगबाट विवरणसहित जम्मा रु. ४०,५६,५४६।– मौज्दात रहेको उल्लेख भएको देखिँदा प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।<br>**(ट)** प्रतिवादी भरत राज आचार्यको जाँच अवधिको समग्र व्यय सम्बन्धमा बामदेव रावल/मिना रावललाई दिएको रकम रु. २९,१२,०००।-; विवाह खर्च रु. ३,००,०००।-; जीवन बीमा प्रिमियम शुल्क रु. १०,०६,२७२।-; शेयर खरिदमा रु. ५१,२३,५२५।-; र सवारी साधन मर्मत खर्च रु. | *मान्दछ...*"[५] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। त्यसैगरी, सम्मानित सर्वोच्च अदालतबाट "*...सम्पत्ति खरिद एवम् बिक्री गर्दा **अन्यथा प्रमाणित नभएसम्म** लिखतमा अङ्कित मूल्यका आधारमा मूल्याङ्कन गर्नु न्यायोचित हुने।*"[६] भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत मुद्दामा जग्गा बिक्रीकर्ता पुष्पप्रसाद पोखरेलको मौकाको कागज र उक्त कागजको व्यहोरालाई समर्थन हुने गरी गरिदिएको बकपत्र र उक्त व्यहोरालाई पुष्टि गर्ने प्रतिवादी रिता देवी खनाल (आचार्य)को विभिन्न बैंकहरुको Bank Statement बाट जिल्ला भक्तपुर, बालकोट वडा नं. २ स्थित कित्ता नं. ३४३२, ३४२९ र ३१०८ को ०-८-१-० क्षेत्रफलको जग्गाहरु प्रतिवादी भरत राज आचार्यले पारित लिखतमा अङ्कित मूल्यभन्दा फरक मूल्यमा खरिद गरेको देखिएको अवस्थामा पनि सम्मानित विशेष अदालतबाट सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त विपरीत पारित लिखतको रकमभन्दा फरक रकममा जग्गाहरु खरिद भएको पुष्टि हुँदा हुँदै पारित लिखतमा अङ्कित मूल्यलाई नै मानी यस शीर्षकमा आयोगले गणना गरेको जम्मा रु. १,१२,७९,७२०।- व्यय रकमभन्दा फरक व्यय रकम जम्मा रु. ४९,९६,५००।– कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ।<br>**(ख)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट घर निर्माणको लागत खर्च रु. ४७,७७,३८६।–; बहाल कर लगायतमा तिरे बुझाएको कर रकम रु. ६,७६,२००।– र सवारी साधन खरिदमा रु. १६,८४,४५२।– व्ययको रुपमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी भरत राज आचार्यको जाँच अवधिको |

[५] *नेपाल सरकार वि. महेन्द्र गौतम समेत,* मुद्दाः गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको (ने.का.प. २०७४, अंक १, नि.नं. ९७५१)

[६] *नेपाल सरकार वि. बद्रीनाथ श्रेष्ठ,* मुद्दाः भ्रष्टाचार (ने.का.प. २०७२, अंक ८, नि.नं. ९४४९)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | २०,०००।– कायम भएकोमा प्रतिवादीले अन्यथा जिकिर लिएको नदेखिएको र दवै पक्षको कुरा मिलेकै देखिएको। | समग्र व्यय जम्मा **रु. ५,२३,०२,९७७।- (अक्षरुपी पाँच करोड तेइस लाख दुई हजार नौ सय सत्हत्तर रुपैयाँ)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. २,२०,५१,४५५।- (अक्षरुपी दुई करोड बिस लाख एकाउन्न हजार चार सय पच्पन्न रुपैयाँ)** देखिएकोले निज प्रतिवादीले **रु. ३,०२,५१,५२२।- (अक्षरुपी तीन करोड दुई लाख एकाउन्न हजार पाँच सय बाइस रुपैयाँ)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा बिगो **रु. ३,०२,५१,५२२।- (अक्षरुपी तीन करोड दुई लाख एकाउन्न हजार पाँच सय बाइस रुपैयाँ)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिन्छ। सम्मानित विशेष अदालतबाट आंशिक वादी दावी पुग्ने ठहरी भएको त्रुटिपूर्ण फैसला बदर गरी मिसिल संलग्न माथि विवेचित प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीको आय र व्यय कायम गरी सो हदसम्म फैसला गरी पाउन सादर अनुरोध छ। |

<table>
<tr>
<td>२</td>
<td>रामजी रिजाल र निजकी श्रीमती स्वस्थानी रिजाल (विशेष अदालतको मुद्दा नं. ०७५-CR-०१७९ र फैसला मिति २०७९/१०/१५)</td>
<td>गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>प्रतिवादी रामजी रिजालले निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०४०/०७/०६ गतेदेखि मिति २०७५ पुस मसान्तसम्मको जाँच अवधिमा आय आर्जन गरेको रकम रु. १,९६,८६,५०९।- (अक्षरुपी एक करोड छयानब्बे लाख छयासी हजार पाँच सय नौ रुपैयाँ) को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका लगानी तथा खर्च रु. ४,९४,२४,८१९।- (अक्षरुपी चार करोड चौरानब्बे लाख चौबिस हजार आठ सय उन्नाइस रुपैयाँ) देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम रु. २,९७,३८,३१०।- (अक्षरुपी दुई करोड सन्तानब्बे लाख अठ्तीस हजार तीन सय दश रुपैयाँ) बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी रामजी रिजालले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले बिगो रु. २,९७,३८,३१०।- (अक्षरुपी दुई करोड सन्तानब्बे लाख अठ्तीस हजार तीन सय दश रुपैयाँ) कायम गरी निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५; दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन,</td>
<td><u>फैसलाः</u><br>आंशिक वादी दावी पुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br>• <u>आयतर्फः</u><br>(ठ) प्रतिवादी रामजी रिजालको पारिश्रमिक बचत आयः<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट निज प्रतिवादीको खुद पारिश्रमिक आय रु. २१,६८,३१६।– को ३०% जीवन निर्वाह खर्च कटाई बचत हुने ७०% ले हुने रु. १५,१७,८२४।- पारिश्रमिक आय कायम गरिएकोमा २०% जीवन निर्वाह खर्च कटाई बचत ८०% ले हुने जम्मा रु. १७,३४,६५३।- आयमा कायम हुनुपर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, खुद पारिश्रमिक आयको ३०% जीवन निर्वाह खर्च कटाउने स्वीकृत स्थापित न्यायिक मान्यता रहेकोले तथा प्रतिवादीले आफ्नो जिकिर पुष्टि गर्ने विश्वसनीय तर्कसंगत आधार प्रमाण पेश गर्न नसकेकोले निज प्रतिवादीको जिकिर पुग्न सक्ने नदेखिएको।<br>(ड) प्रतिवादी रामजी रिजालको प्रोत्साहन भत्ता एवम् प्रतिवेदक पुरस्कार आयः<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी रामजी रिजालको जम्मा रु. ४,६९,८३८।- कायम गरिएकोमा निज प्रतिवादीले आयोगले देहाय बमोजिमको आय कम गणना गरेको हुँदा देहाय बमोजिमका आधार प्रमाणहरुबाट उक्त आय रकमसमेत गणना हुनुपर्ने भनी जिकिर लिएको देखिन्छः
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>कम गणना गरिएको रकम (रु.)</th><th>आधार प्रमाण</th></tr>
<tr><td>१</td><td>प्रतिवादी रामजी रिजालले आ.व. २०७३/०७४ मा राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालयमा रहँदा प्राप्त मासिक ग्रेड रकम रु. १,०१७ को दरले प्राप्त ग्रेड आय</td><td>१२,२०४</td><td>राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, बुटवल, रुपन्देहीको मिति २०७३/०६/०९ को पत्र</td></tr>
<tr><td>२</td><td>प्रतिवादी रामजी रिजाललाई भन्सार विभागको मिति २०६५/१०/०७ च.नं. ११८१ को पत्रबाट ६ महिनाको लागि सुनसरी भन्सार कार्यालयको का.मु. भन्सार अधिकृत तोकिएकोमा प्रति महिना रु. ५,१७० को दरले प्राप्त थप आय</td><td>३१,०२०</td><td>भन्सार विभागको मिति २०६५/१०/०७ को पत्र र निज प्रतिवादीको अनुसन्धानको बयानको स.ज. ८९</td></tr>
<tr><td>३</td><td>प्रतिवादी रामजी रिजालले सुनसरी भन्सार कार्यालयमा का.मु. भन्सार अधिकृतको रुपमा कार्य गर्दा आ.व. २०६८/०६९ को वैशाखदेखि</td><td>१८,५३७</td><td>अर्थ मन्त्रालयको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव अध्ययन प्रतिवेदन,</td></tr>
</table></td>
<td>प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट प्रतिवादी रामजी रिजालले सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछिको जाँच अवधि कायम नगरी र देहाय बमोजिमका आयतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको।<br>(क) सम्मानित विशेष अदालतबाट प्रतिवादी रामजी रिजालले सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछिको जाँच अवधि कायम नगरिएको सम्बन्धमाः<br>अ. प्रतिवादी रामजी रिजालले मिति २०७४/०१/१५ मा सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछि गैर-राष्ट्रसेवकको हैसियतमा गरेको कारोबारको सम्बन्धमा आय र व्ययको गणना गर्न मिल्ने नदेखिँदा भन्ने आधार लिई सम्मानित विशेष अदालतबाट कायम जाँच अवधिको आधारमा आयतर्फ जम्मा रु. ६९,३६,४९२।– र व्ययतर्फ जम्मा रु. २,७३,३१,४४०।– गणना तथा मूल्याङ्कन गरिएको देखिँदैन।<br>आ. प्रस्तुत मुद्दामा प्रतिवादी रामजी रिजालले मिति २०७४/०१/१५ मा सरकारी सेवाबाट अवकाश</td>
</tr>
</table>

२०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज रामजी रिजालले जाँच अवधिमा आर्जन गरेको स्रोत नखुलेको **रु. २,९७,३८,३१०।- (अक्षरुपी दुई करोड सन्तानब्बे लाख अठ्तीस हजार तीन सय दश रुपैयाँ)** बराबरको चल अचल सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको देखिन्छ।

साथै, प्रतिवादी रामजी रिजालले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज प्रतिवादीकी श्रीमती स्वस्थानी रिजालसमेतको नाममा घर निर्माण, कृषि विकास बैंकबाट लिएको कर्जा चुक्ता र परिवारका सदस्यहरुको संयुक्त नाममा दर्ता गरी सञ्चालन गरेको Motel De Batuwa Pvt. Ltd. समेतका नाममा सवारी साधन खरिद समेतमा लगानी गरेको देखिएकोले स्रोत नखुलेको चल अचल सम्पत्ति बिगो **रु. २,९७,३८,३१०।- (अक्षरुपी दुई करोड सन्तानब्बे लाख अठ्तीस हजार तीन सय दश**

| | | | |
|---|---|---|---|
| | असारसम्म ३ महिना कार्य सम्पादनको आधारमा मासिक तलब रु. १३,९०८ को ४४.४३% को दरले प्राप्त **प्रोत्साहन भत्ता** | | २०७० को पृष्ठ ३८ |
| ४ | प्रतिवादी रामजी रिजालले सुनसरी भन्सार कार्यालयमा कार्यरत रहँदा २०६६ श्रावणदेखि २०६६ मंसिरसम्म ५ महिना, तलबमान रु. १०,५६० को ७०% को दरले हुने रु. ७,३९२ को दरले ५ महिनामा प्राप्त **प्रोत्साहन भत्ता** | ३६,९६० | अर्थ मन्त्रालयको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव अध्ययन प्रतिवेदन, २०७० को पृष्ठ ३९ |
| ५ | प्रतिवादी रामजी रिजालले २०६६ माघदेखि २०६७ असारसम्म भैरहवा भन्सार कार्यालयमा कार्यरत रहँदा तलबमान रु. १०,५६० को कार्यसम्पादनको १५६% को दरले प्राप्त **प्रोत्साहन भत्ता** | १,०८,३४८.६० | विशेष अदालतलाई प्रेषित भैरहवा भन्सार कार्यालयको मिति २०७८/०५/२१ च.नं. ११ को पत्र |
| ६ | प्रतिवादी रामजी रिजालले मेची भन्सार कार्यालयमा कार्यरत रहँदा आ.व. २०६७/०६८ मा तलबमान रु. १२,०४८ को १४०.३८% को दरले प्राप्त **प्रोत्साहन भत्ता** | २,०२,९५५ | अर्थ मन्त्रालयको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव अध्ययन प्रतिवेदन, २०७० को पृष्ठ ४१ |
| ७ | प्रतिवादी रामजी रिजालले मेची भन्सार कार्यालयमा कार्यरत रहँदा २०७० श्रावणदेखि असोज मसान्तसम्म प्राप्त **प्रोत्साहन भत्ता** | ५१,२७० | अर्थ मन्त्रालयको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव अध्ययन प्रतिवेदन, २०७० को पृष्ठ ४१ |

यस सम्बन्धमा, प्रतिवादी रामजी रिजालले पेश गरेको अर्थ मन्त्रालयको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको प्रभाव अध्ययन प्रतिवेदन, २०७० निज प्रतिवादीको आय स्रोतको ठोस प्रमाणको रुपमा ग्रहणयोग्य रहेको नदेखिँदा र निज प्रतिवादीले अन्य विश्वसनीय प्रमाण पेश गर्न सकेको नदेखिँदा माथि तालिकामा क्र.सं. २,३,४,६ र ७ मा उल्लिखित थप आय र प्रोत्साहन भत्ता सम्बन्धमा प्रतिवादीको जिकिर पुष्टि हुन सक्ने नदेखिएको।

यसै सम्बन्धमा, माथि तालिकामा क्र.सं. १ को ग्रेड आय रु. १२,२०४।– र क्र.सं. ५ को प्रोत्साहन भत्ता रु. १,०८,३४८।६० थप गणना गरी जम्मा रु. ५,९०,३९०।६० कायम हुने देखिएको।

प्राप्त गरेपछि निज प्रतिवादीले स्वयम् आफ्नो, निजकी श्रीमति प्रतिवादी स्वस्थानी रिजाल, निजका छोरा बरुणबाबु रिजाल र बुहारी सुप्रभा सापकोटा रिजाल समेत गरी ४ जना एकासगोलको परिवारका सदस्यहरुको नाममा मिति २०७४/१०/१९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा र मिति २०७५/०२/२९ मा मु.अ. करमा दर्ता भएको स्थायी लेखा नं. ६०६७९५८४५ को जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १, सहश्रधारा स्थित Motel De Batuwa Pvt. Ltd. नामको होटल व्यवसायमा जम्मा रु. ६०,१५,०००।– दर्ता खर्च समेत गरी लगानी गरेको देखिन्छ। साथै, अनुसन्धानको क्रममा प्रतिवादी रामजी रिजालको नाममा रहेको जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १ स्थित कि.नं. १६५८, १६६० र २४७२ को जग्गाहरुमा Motel De Batuwa Pvt. Ltd. सञ्चालनार्थ ६ वटा घर/टहराहरुको कूल निर्माण लागत रु. १,९३,७२,६०३।– रहेको स्पष्ट देखिएको छ। त्यसैगरी, प्रतिवादी रामजी रिजालले Motel De Batuwa Pvt. Ltd. नाममा दर्ता कायम रहने गरी Scorpio Jeep खरिद गर्दा Batas Brothers Pvt. Ltd. लाई रु. ११,१५,०००।– रकम भुक्तानी गरेको देखिन्छ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **रुपैयाँ**) जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग; दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी रामजी रिजालकी श्रीमति स्वस्थानी रिजाललाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको। | **(ढ) प्रतिवादी स्वस्थानी रिजालको पारिश्रमिक आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी स्वस्थानी रिजालको पारिश्रमिक आय वापत जम्मा रु. ९,८१,७५०।- कायम गरिएकोमा प्रतिवादी रामजी रिजालको पारिश्रमिक आयबाट जीवन निर्वाह खर्च कट्टी गरिएको हुँदा प्रतिवादी स्वस्थानी रिजालको पारिश्रमिक आयबाट खर्च कट्टी गर्नु नपर्ने भनी प्रतिवादीको जिकिर रहेको देखिन्छ। यस सम्बन्धमा, राष्ट्रसेवकको पारिश्रमिकको ३०% जीवन निर्वाह खर्च र आश्रित परिवारको आय स्रोतको १५% जीवन निर्वाह खर्च हुने मापदण्ड सम्मानित सर्वोच्च अदालतबाट स्थापित भएको हुँदा प्रतिवादी स्वस्थानी रिजालको पारिश्रमिक आयको १५% जीवन निर्वाह खर्च कटौती गरी निजको आय गणना गरेको वादी दावी मिलेको नै देखिएको।<br>**(ण) प्रतिवादी स्वस्थानी रिजालले विवाहमा प्राप्त स्त्रीधन, नगद उपहारः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी स्वस्थानी रिजालको विवाहमा प्राप्त स्त्रीधन, नगद उपहार वापतको रकम जम्मा रु. ८५,०००।– आयमा कायम गरिएकोमा प्रतिवादीले उक्त शीर्षकमा रु. २,००,०००।– आयमा कायम नगरी रु. १,१५,०००।– गणना गर्न छुटाएकोले उक्त रकम आयमा गणना गर्नुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीले आफ्नो जिकिर पुष्टि हुने ठोस सबुत प्रमाण पेश गर्न नसकेको र आयोगले कायम गरेको रु. ८५,०००।– न्यायिक अनुमानको आधारमा उचित नै रहेको देखिँदा रु. १,१५,०००।– थप गणना हुनुपर्ने प्रतिवादीको जिकिर पुष्टि हुन सक्ने नदेखिएको।<br>**(त) विभिन्न बैंकहरुबाट लिइएका कर्जा आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीको विभिन्न बैंकहरुबाट लिइएका कर्जा आयमा जम्मा रु. १,०१,८०,६१५।- कायम गरिएकोमा वादी दावी र प्रतिवादीको जिकिर विपरीत रहेता पनि प्रतिवादी रामजी रिजालले मिति २०७४/०१/१५ मा सेवाबाट अवकाश प्राप्त गरिसकेपश्चातका आय र व्यय गणना गर्न नमिल्ने हुँदा मिति २०७४/०८/१० मा प्रतिवादी स्वस्थानी रिजालको नामबाट प्रभु बैंक, पर्वतबाट लिएको बैंक कर्जा रु. ४७,००,०००।– घटाई प्रतिवादीको यस शीर्षकमा जम्मा रु. ५४,८०,६१५।– कायम हुने देखिएको।<br>**(थ) संजीवनी आयुर्वेदिक डिस्ट्रिब्युटर्सको आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट संजीवनी आयुर्वेदिक डिस्ट्रिब्युटर्सको आयमा जम्मा रु. ६,६०,०००।- कायम गरिएकोमा प्रतिवादीले सोको आ.व. २०७१/०७२ देखि आ.व. २०७२/०७३ सम्मको आय कम गणना गरिएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, कर दाखिला विवरणबाट निज प्रतिवादीको आय रु. ६,६९,०००।– रहेको देखिँदा वादीले रु. ९,०००।– कम गणना गरेको पुष्टि भएकोले यस शीर्षकबाट प्राप्त आयमा रु. ९,०००।– थप भई जम्मा रु. ६,६९,०००।– कायम हुने देखिएको।<br>**(द) घर जग्गा बिक्रीबाट प्राप्त आयः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादीको घर जग्गा बिक्रीबाट प्राप्त आय रु. ३४,००,०००।– कायम गरिएकोमा प्रतिवादी स्वस्थानी रिजालको नाममा रहेको जिल्ला रुपन्देही, | **इ.** त्यस्तै, प्रतिवादी स्वस्थानी रिजालको नामबाट प्रभु बैंक, पर्वतमा बुझाएको कर्जा चुक्ता रकम रु. ४७,०००।–, मिति २०७५/०१/२७ मा सेवा शुल्क वापत बुझाएको रु. ३,०००।– र मिति २०७४/०८/२४ देखि मिति २०७५/०८/२४ सम्म बुझाएको जम्मा रु. ७,७८,८३७।– समेत गरी जम्मा रु. ८,२८,८३७।– कर्जा चुक्ता एवं सेवाशुल्क, साँवा ब्याज समेत तिरेबुझाएको देखिन्छ।<br>**ई.** अनुसन्धानको क्रममा, प्रतिवादी रामजी रिजालले सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछि नै जम्मा रु. २,७३,३१,४४०।– होटल व्यवसायमा र बैंकबाट लिएको कर्जा चुक्ता समेतमा व्यापक लगानी तथा खर्च गरेको देखिँदा यी प्रतिवादीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानुनी रुपमा आर्जित सम्पत्ति लुकाई छिपाई राखी आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याएकोले निज प्रतिवादीले सेवाबाट अवकाश प्राप्त गरेपछि पनि जाँच अवधि कायम गरी आरोपपत्र दायर गरिएको हो।[7]<br>**उ.** White Collar Crime को रुपमा परिभाषित गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार |

[7] गैरकानूनी सम्पत्ति छानबिन तथा अनुसन्धान कार्यविधि, २०७५ को दफा २३(४)

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | शंकरनगर, कि.नं. २०२६ को ज.वि. ०-१-० मिति २०५९/०२/२८ मा राजिनामा मार्फत् सनता ज्ञवालीलाई रु. १,५०,०००।– मा बिक्री गरेको आयमा गणना हुनुपर्ने भनी प्रतिवादीको जिकिर रहेको देखिँदा प्रतिवादीले पेश गरेको र.नं. १४४०० को राजिनामा लिखतबाट रु. १,५०,०००।– थप गणना हुने देखिएको।<br>यसैगरी, प्रतिवादी स्वस्थानी रिजालले जिल्ला रुपन्देही, शंकरनगर, कि.नं. ११८५ को ज.वि. ०-१-० मिति २०५०/१०/२४ मा राजिनामा लिखतबाट विष्णुकुमारी पौडेललाई रु. ७,५००।– मा बिक्री गरेको र.नं. ४५७२ को राजिनामा लिखतबाट पुष्टी भएकोले रु. ७,५००।– थप गणना हुने नै देखिएको।<br>यसरी, यस शीर्षकमा आयोगले गणना गरेको रकममा रु. १,५७,५००।– थप भई जम्मा रु. ३५,५७,५००।– कायम हुने देखिएको।<br>(ध) प्रतिवादी रामजी रिजालको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट निज प्रतिवादीको वैदेशिक आयको बचत रु. १८,०००।-; Pegasus Travel & Tours (P.) Ltd. को खुद बचत आय रु. १,३६,९९०।- र प्रतिवादी स्वस्थानी रिजालको मिति २०७४/०४/१२ मा तथा प्रतिवादीहरु रामजी रिजाल र स्वस्थानी रिजालका छोरा बरुणबाबु रिजालको मिति २०७५/०८/०१ मा जीवन बीमा Maturity वापतको भुक्तानी रु. २,२७,८२०।- कायम भएकोमा प्रतिवादीको थप जिकिर नभई मुख मिलेकै देखिएको।<br>(न) आयोगबाट प्रतिवादी स्वस्थानी रिजालको मिति २०७४/०४/१२ मा तथा प्रतिवादीहरु रामजी रिजाल र स्वस्थानी रिजालका छोरा बरुणबाबु रिजालको मिति २०७५/०८/०१ मा जीवन बीमा Maturity वापतको भुक्तानी रकम रु. २,२७,८२०।-; प्रतिवादी रामजी रिजालले अवकाश पश्चात बीमा र समायोजन कोष समेत गरी मिति २०७४/०३/२६ मा नागरिक लगानी कोषबाट प्राप्त भुक्तानी रकम रु. ८०,८४५।-; प्रतिवादी रामजी रिजालको अवकाश पश्चात प्राप्त सञ्चित बिदा रकम रु. ५,३१,४४४।-; प्रतिवादी रामजी रिजालको अवकाश पश्चात प्राप्त औषधी उपचार रकम रु. ४,६८,४८९।-; प्रतिवादी रामजी रिजालको अवकाश पश्चात प्राप्त नागरिक लगानी कोष फिर्ता रकम रु. ५,५५,७२०।-; प्रतिवादी रामजी रिजालको पेन्सन बचत आय रु. ३,४४,४८५।– र नागरिक लगानी कोष फिर्ताको प्राप्त छुट रकम रु. २७,६८९।– कायम भएकोमा प्रतिवादी रामजी रिजालले मिति २०७४/०१/१५ मा अवकाश प्राप्त गरेपछि वादी आयोगले आय शीर्षकहरुमा गणना गरेकोले अदालतबाट कायम जाँच अवधिको आधारमा उक्त आय शीर्षकहरु जाँच अवधिपछिको देखिँदा उक्त आय गणना गर्न मिल्ने नदेखिएको।<br>**(ञ) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः**<br>**(ऊ) दशैं र चाडपर्व भत्ताः**<br>यस शीर्षकमा प्रतिवादी रामजी रिजालले निजले निजामती सेवा ऐन, २०४९ को दफा ३२(१) र (२) बमोजिम प्राप्त गरेको दशैं भत्ता रु. ३,०६,७७६।– वादीले आय स्रोतमा गणना नगरेको भनी जिकिर लिएकोमा मिसिल संलग्न निजामती किताबखानाबाट प्राप्त तलबी विवरणमा २०४१ सालदेखि २०७३ सालसम्मको दशैं भत्ता रु. १,६३,९१०।– गणना हुने देखिएको।<br>**(ऋ) महंगी भत्ताः** | गरेको मुद्दामा राष्ट्रसेवकले ओहदाको दुरुपयोग गरी आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति स्रोत अर्थात कसुरबाट प्राप्त सम्पत्ति (Proceeds of Crime) लुकाई छिपाई राख्ने तथा स्वामित्व वा भोगचलनमा ल्याउने तौरतरिका अनेक हुन सक्दछन्। यस्तो मुद्दामा राष्ट्रसेवकले आफू सेवाबाट अवकाश भएपछि गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाई छिपाई राखी आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याउन सक्ने अवस्थालाई सोझै इन्कार गर्न सकिँदैन। अनुसन्धानबाट यस्तो अवस्था देखिसकेपछि सो विषयमा छानबिन नगर्ने वा दावी नै नलिने हो भने परिणामतः भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रस्तावनामा उल्लिखित "सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानुनी व्यवस्था गर्न" भन्ने मूल मकसद विपरीत हुन जाने देखिन्छ। सम्मानित विशेष अदालतले ग्रहण गरेको उल्लिखित आधारलाई सिद्धान्तकै रुपमा स्वीकार गर्ने हो भने राष्ट्रसेवकले आफू पदमा बहाल रहेसम्म गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई जसोतसो लुकाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | यस शीर्षकमा प्रतिवादी रामजी रिजालले आ.व. २०६५/०६६ देखि आ.व. २०७३/०७४ को चैत्र महिनासम्म जम्मा १२९ महिनाको मासिक रु. १०० को दरले जम्मा रु. १,२९,०००।– आयोगले गणना गर्न छुटाएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, ७ वर्षको जम्मा ८४ महिनाको रु. १०० को दरले हुने जम्मा रु. ८,४००।– आयमा गणना हुने देखिएको।<br>**(ऌ) कृषि आयः**<br>▪ यस शीर्षकमा प्रतिवादी रामजी रिजालले निजको मिति २०४९/११/२६ मा अंशवण्डा भई प्राप्त गरेको जिल्ला पर्वत, कुश्माको कि.नं. १६३५, १६४०, १६४२ र १६४७ को जम्मा क्षेत्रफल १०-१२-३ को कृषि आय जम्मा रु. ७,७५,१००।– गणना नगरिएको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, वादीले प्रतिवादीको उल्लिखित कि.नं. का जग्गाहरु रहेको स्वीकार गरिसकेपछि सो जग्गाबाट हुने आय इन्कार गर्न मिल्ने नदेखिँदा उल्लिखित जग्गा विगाहामा परिवर्तन गर्दा लगभग १५ कठ्ठा हुने देखिई सम्मानित सर्वोच्च अदालतबाट तय भएको मापदण्ड अनुसार प्रतिवादी रामजी रिजालले सेवा प्रवेश गर्दासम्मको आय रु. २,१००।–; २०४१ सालदेखि २०५० सालसम्म ३ बालीको हिसाबले प्रति वर्ष रु. २,४००।– को दरले रु. २४,०००।– र २०५१ देखि २०७४ सम्म ३ बालीको हिसाबले रु. ३,०००।– ले हुने रु. ६९,०००।– कायम हुने गरी जम्मा कृषि आय रु. ९५,१००।– हुने देखिएको।<br>▪ निज प्रतिवादीले कि.नं. २४३ को क्षेत्रफल २४-०-३-० जग्गाको अस्तित्व पुष्टि हुने जग्गाधनी प्रमाण पूर्जा समेत पेश गर्न नसकेकोले सो जग्गाको आय गणना गर्न मिल्ने नदेखिएको।<br>**(ॡ) ढुङ्गा, गिट्टी, रोडा र बालुवा बिक्रीबाट प्राप्त आयः**<br>प्रतिवादी रामजी रिजालले निजको समेत अंश लाग्ने जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १, कि.नं. २३१ को २६-४-३-१ जग्गा बगरमा परिणत भएको र सोमा उत्पादन हुने नदिजन्य ढुङ्गा, गिट्टी, रोडा र बालुवा बिक्री गरी जम्मा रु. ३७,०२,०००।– आम्दानी गरेकोमा सो आय वादीले गणना नगरेको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी रामजी रिजालले सम्पत्ति विवरण (२०५८/०५९, २०६६/०६७, २०६९/०७० र २०७०/०७१), साक्षीको बकपत्र र कुश्मा नगरपालिका वडा नं. १ को मिति २०७५/१२/१० को पत्र पेश गरेको देखिएता पनि निजले सोको कारोबार गर्ने फर्म दर्ता गर्न नसकेको, कारोबार देखिने बिक्री रसिद, सोको स्थानीय कर तिरेको प्रमाण लगायत कुनै पनि प्रमाण पेश गर्न सकेको नदेखिएकोले र निजले सोको परिमाण समेत खुलाउन नसकेकोमा स्थानीय निकायको पत्रले बिक्री कारोबार पुष्टि हुन सक्ने नदेखिएकोले ठोस सबुद प्रमाणको अभावमा निजको जिकिर बमोजिमको रकम आयमा गणना गर्न मिल्ने नदेखिएको।<br>**(ऍ) प्रतिवादी रामजी रिजालका पिता हरिदत्त रिजालबाट प्राप्त नगद सहयोगः**<br>निज प्रतिवादीले पिता हरिदत्त रिजालबाट मिति २०६९/११/२६ मा अंशवण्डा हुँदा घर बनाउनको लागि रु. ३,००,०००।– नगद प्राप्त गरेको जिकिर लिएता पनि अंशवण्डा कागजमा सो कुरा खुलेको नदेखिएको र सो कुरा पुष्टि हुने कुनै प्रमाण पनि पेश गर्न नसकेकोले प्रतिवादीको जिकिर पुष्टि हुन सक्ने नदेखिएको।<br>**(ए) घर बहाल आयः**<br>▪ प्रतिवादी रामजी रिजालले निजको जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १, कि.नं. १६५३ को | छिपाई गर्ने र अवकाश प्राप्त भएको भोलिपल्ट देखि नै गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई खुलमखुल्ला रुपमा प्रकट गर्ने, उपभोग गर्ने कार्यले खुलमखुल्ला भ्रष्टाचार गर्ने दुषित संस्कृतिको विकास हुने हुनाले समेत प्रस्तुत आधार त्रुटिपूर्ण रहेको छ।<br>**ऊ.** गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति यति सजिलो तरिकाबाट सम्पत्तिको स्वरुप बदल्ने (Layering) गर्ने प्रक्रियालाई सम्मानित विशेष अदालतको फैसलाबाट नै अनुमोदन हुँदा समाजमा भ्रष्टाचारजन्य कार्यले विकराल रुप लिने अवस्था त विद्यमान रहन्छ नै त्यसको अलावा सम्मानित विशेष अदालतको प्रस्तुत आधार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ र दफा २९ को भावनाको समेत प्रत्यक्ष प्रतिकूल रहेको छ।<br>**ऋ.** प्रस्तुत मुद्दाको तथ्य तथा कसुरको तौरतरिकाको सन्दर्भमा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानलाई सामान्य अर्थमा हेर्दा यो कानुनले रोक्न खोजेको दुश्कार्य रोकी राष्ट्रसेवकलाई कसुरबाट उम्किने हरेक प्रयासलाई पराष्त गर्ने विधायिकी मनसाय (True Intention of Legislature) सिद्ध हुने देखिँदैन। तसर्थ, यस मुद्दामा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | जग्गामा बनेको घरको भुईं तल्लाको २ सटरहरु २०५३ सालदेखि भाडामा दिँदा भएको आम्दानी जम्मा रु. १३,६०,०००।– र निजको श्रीमति प्रतिवादी स्वस्थानी रिजालको नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १६, कि.नं. १५९ र १६१ मा आ.व. २०६७/०६८ मा निर्मित घरको पहिलो र दोस्रो फ्ल्याट भाडामा लगाउँदा भएको आम्दानी रु. १६,६३,१२१।– गरी घर बहाल आय जम्मा रु. ३०,२३,१२१।– गणना नगरेको जिकिर गरेको देखिएको।<br>▪ यस सम्बन्धमा, निज प्रतिवादीले घर बहाल सम्झौता पेश गर्न नसकेको र घर बहाल कर समेत नतिरेको अवस्था देखिएता पनि आयोगले उल्लिखित घर उल्लिखित मितिमा बनेको कुरा स्वीकार गरी व्ययमा गणना गरेको देखिएकोले निज प्रतिवादीको जिल्ला पर्वत, कुश्मामा कि.नं. १६५३ मा घर सटर रहेको र निज काठमाण्डौमा बस्ने गरेको अवस्थामा सो घर भाडामा लगाएको अनुमान गर्न सकिने तथा काठमाण्डौमा रहेको साढे दुई तल्ला घरमा आफू माथिल्लो तल्लामा बसी दुई फ्ल्याट भाडामा लगाएको अनुमान न्यायोचित नै देखिँदा न्यायिक अनुमानको आधारमा व्यवहार प्रचलनमा रहेको भाडा दर हेर्दा काठमण्डौमा रहेको घरको भाडा दुई फ्ल्याट प्रति महिना रु. ९,०००।– को दरले ५ वर्षको रु. ५,४०,०००।- आम्दानी हुने देखिन्छ। त्यसैगरी, जिल्ला पर्वत, कुश्माको २ सटरको २०५३ सालदेखि २०७३ सालसम्म औषत दर रु. २,८३३।– राखी जम्मा रु. ६,८०,०००।– घर बहाल आय हुने देखिन्छ। यसरी, न्यायिक अनुमानका आधारमा निज प्रतिवादीको दुबै घरको बहाल आयमा जम्मा रु. १२,२०,०००।– कायम हुने देखिएको।<br>**(ऐ) जग्गा बहाल आयः**<br>प्रतिवादी रामजी रिजालले निजको श्रीमति प्रतिवादी स्वस्थानी रिजालको नाममा दर्ता रहेको जिल्ला चितवन, भरतपुर-६क, कि.नं. १२३७ क्षेत्रफल १५ धुर जग्गाबाट प्राप्त भहाल आय रु. १,१४,३९२।– र जिल्ला चितवन, पदमपुर, कि.नं. ९३७ क्षेत्रफल ५ कठ्ठा जग्गा भाडामा दिए वापत प्राप्त आय रु. १,१०,०००।– समेत गरी जम्मा २,२४,३९२।– आयमा गणना हुनुपर्ने भनी जिकिर लिएकोमा निज प्रतिवादीले उक्त जग्गा बहालमा दिएको सम्बन्धमा कुनै पनि प्रमाण पेश गर्न सकेको नदेखिएको र उक्त जग्गा कसलाई दिएको हो? वार्षिक आम्दानी कति थियो? लगायतका तथ्य पनि खुलाउन सकेको नदेखिएको हुँदा जग्गा भाडामा दिएको तथ्यको अभावमा भाडा दर पनि अनुमान गर्न मिल्ने नदेखिँदा प्रतिवादीको जिकिर पुग्न सक्ने नदेखिएको।<br>**(ए) प्रतिवादी रामजी रिजालकी बुहारी सुप्रभा सापकोटाले टिकाटालो र विवाहमा प्राप्त गरेको दान दक्षिणा, उपहारः**<br>प्रतिवादी रामजी रिजालले निजका छोरा बरुणबाबु रिजाल र बुहारी सुप्रभा सापकोटाको विवाह हुँदा माइती पक्षबाट दान दक्षिणा स्वरुप प्राप्त रु. ५,००,०००।– र उपहार स्वरुप प्राप्त फर्निचर समेत रु. ४,००,०००।– आयोगले गणना नगरेको जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, हाम्रो समाजको विशिष्ट परम्परा समेत ख्याल नगरी यस शीर्षकको आय गणना नै नगरेको वादी दावी मिलेको नदेखिई निज प्रतिवादीको आर्थिक सामाजिक हैसियत समेतलाई आधार मानी विवाहमा दान दक्षिणा दिने सामाजिक परम्परा रहेको समेतका आधारमा टिकाटालो, फर्निचर समेत जम्मा रु. ५,००,०००।– आयमा गणना हुने देखिएको।<br>**(ऐ)प्रतिवादी रामजी रिजालका छोरा स्व. अरुणबाबु रिजालको बीमा आय र क्षतिपूर्ति आयः** | प्रतिवादी रामजी रिजालले आफू सार्वजनिक सेवामा रहँदा गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्तिलाई वैद्य बनाउने दुषित मनसायले नै सेवाबाट अवकाश प्राप्त गरेपछि मात्रै लुकाई छिपाई राखेको अवैद्य सम्पत्ति आफ्नो र एकासगोलको परिवारका सदस्यहरुको भोगचलनमा ल्याएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रावधानलाई संकुचित व्याख्या गरी राष्ट्रसेवक सेवाबाट अवकाश भएपछिको जाँच अवधि कायम गर्न नमिल्ने भनी सम्मानित विशेष अदालतबाट प्रतिवादी रामजी रिजालको अवकाशपछिको जाँच अवधिको आय र व्ययका शीर्षकहरु गणना तथा मूल्याङ्कन नगरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ।<br>**(ख) <u>आयतर्फः</u>**<br>**(च)** प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित विशेष अदालतबाट प्रतिवादी रामजी रिजालको प्रोत्साहन भत्ता एवम् प्रतिवेदक पुरस्कार आय शीर्षक अन्तर्गत प्रतिवादी रामजी रिजालले आ.व. २०७३/०७४ मा राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालयमा रहँदा प्राप्त मासिक ग्रेड रकम रु. १,०१७ को दरले प्राप्त ग्रेड आय रु. १२,२०४।– र प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | यस शीर्षकमा नेपाल लाईफ इन्स्योरेन्स कं.लि. को मिति २०७७/०६/१८ च.नं. ५५६ को पत्र र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५२ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ५५ समेतका आधारमा मिति २०६३/०२/२३ मा प्रतिवादी रामजी रिजालका छोरा अरुणबाबु रिजालको दुर्घटनाबाट मृत्यु भई बीमा वापत रु. ५६,४५०।– र दुर्घटनामा सवारी धनीबाट प्राप्त क्षतिपूर्ति रु. ५,००,०००।– समेत जम्मा रु. ५,५६,४५०।– आयमा गणना हुने देखिएको।<br>**(ओ)विभिन्न व्यक्तिहरुसँग लिएको ऋण सापटीः**<br>यस शीर्षकमा प्रतिवादी रामजी रिजालको नाममा भतिजा लक्ष्मण रिजाल र बुहारी भगवती रिजालले Netherlands बाट मिति २०६३/०९/१३ देखि २०६८/०२/१९ सम्म विभिन्न मितिमा प्राप्त जम्मा रु. २४,३४,८५३।९९ आयोगले गणना नगरेको प्रतिवादीको जिकिर रहेको देखिन्छ। यस सम्बन्धमा, भतिजा लक्ष्मण रिजाल यी प्रतिवादीका एकासगोलका परिवारको सदस्य नरहेका र प्रयोजन समेत नखुलेको अवस्थामा प्रतिवादीको खातामा रेमिट गरेको आधारमा मात्र यी प्रतिवादीलाई दान गरेको वा निजले प्राप्त गरेको अर्थ गर्न मिल्ने नदेखिँदा उक्त रकम प्रतिवादीको आयमा गणना गर्नुपर्ने प्रतिवादीको जिकिर पुग्न सक्ने नदेखिएको।<br>त्यसैगरी, प्रतिवादीले घर बनाउने प्रयोजनको लागि अमित कर्णबाट सापटी लिएको भनिएको रु. ६,००,०००।– र शारदा रिजालबाट सापटी लिएको भनिएको रु. १,५०,०००।– को Bank Statement रहेता पनि सापटी पुष्टि हुने प्रमाणको अभाव समेतका आधारमा प्रतिवादीको जिकिर पुष्टि हुन सक्ने नदेखिएको।<br>**(औ) Motel De Batuwa Pvt. Ltd. को ओ.डी. ऋण आयः**<br>प्रतिवादी रामजी रिजालले मिति २०७४/०१/१५ मा सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछि गैर-राष्ट्रसेवकको हैसियतमा गरेको कारोबारको सम्बन्धमा आय र व्यय गर्न मिल्ने नदेखिँदा प्रतिवादीले मिति २०७४/१०/१९ मा दर्ता गरेको Motel De Batuwa Pvt. Ltd. को नाममा मिति २०७५/१०/२८ मा स्वीकृत ओ.डी. ऋण रु. ४०,००,०००।–, केदारप्रसाद रिजालबाट लिएको ऋण आयमा गणना हुने नदेखिएको।<br>• <u>व्ययतर्फः</u><br>**(ठ) घरहरुको (घरमा जडित इलेक्ट्रिकल उपकरण एवम् फर्निचर लगायतको फिनिशिङ्ग) निर्माण लागतः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी रामजी रिजालको नाममा रहेको जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १ स्थित कि.नं. १६५३ को जग्गामा निर्माण गरिएको घरको निर्माण लागत मूल्य **रु. ३,००,०००।-**; प्रतिवादी रामजी रिजालकी श्रीमति प्रतिवादी स्वस्थानी रिजालको नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. १५९ र १६१ को जग्गामा निर्माण गरिएको घरको निर्माण लागत मूल्य रु. ८७,५१,१९३।– र उक्त घरमा रहेका इलेक्ट्रिकल उपकरणहरुको लागत मूल्य रु. २,६०,५००।– तथा फर्निचरहरु र Interior Decoration रु. ५,७३,९३७।– गरी घर निर्माण लागत मूल्य जम्मा **रु. ९५,८५,६३०।–** र प्रतिवादी रामजी रिजालको नाममा रहेको जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १ स्थित कि.नं. १६५८, १६६० र २४७२ को जग्गामा निर्माण गरिएका घर/टहराहरुको निर्माण लागत रु. १,८८,६०,३४४।– र उक्त घर/टहराहरुमा रहेका फर्निचरहरु र | रामजी रिजालले २०६६ माघदेखि २०६७ असारसम्म भैरहवा भन्सार कार्यालयमा कार्यरत रहँदा तलबमान रु. १०,५६० को कार्यसम्पादनको १५६% को दरले प्राप्त प्रोत्साहन भत्ता रु. १,०८,३४८।६० थप गणना गरी यस शीर्षकमा जम्मा रु. ५,९०,३९०।६०; संजीवनी आयुर्वेदिक डिस्ट्रिब्युटर्सको आय शीर्षक अन्तर्गत कर दाखिला विवरणबाट निज प्रतिवादीको आय रु. ६,६९,०००।– रहेको देखिँदा यस शीर्षकमा रु. ९,०००।– थप भई जम्मा रु. ६,६९,०००।– र घर जग्गा बिक्रीबाट प्राप्त आय शीर्षक अन्तर्गत प्रतिवादीले पेश गरेको र.नं. १४४०० को राजिनामा लिखतबाट रु. १,५०,०००।– तथा र.नं. ४५७२ को राजिनामा लिखतबाट रु. ७,५००।– थप गणना गरी यस शीर्षकमा जम्मा रु. ३५,५७,५००।– आयमा कायम गरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा वादीको जिकिर रहेको छैन।<br>**(छ)** आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | Interior Decoration रु. ५,०२,२५९।– गरी घर/टहराहरुको निर्माण लागत मूल्य जम्मा **रु. १,९३,७२,६०३।–** गरी ३ स्थानमा रहेका घर/टहराहरुको कूल निर्माण लागत **रु. २,९२,५८,२३३।–** कायम गरिएको देखिन्छ।<br>प्रतिवादी रामजी रिजालले निजकी श्रीमति प्रतिवादी स्वस्थानी रिजालको नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. १५९ र १६१ को जग्गामा निर्माण गरिएको घर ठेक्कामा नदिई आफैले निर्माण गरेकोले Overhead Cost १५% र ठेक्का कर ५% गरी जम्मा २०% खर्च घटाउनु पर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित सिद्धान्त बमोजिमको मानक अनुरुप घर निर्माण खर्चमा उक्त २०% ले हुने खर्च जम्मा रु. १७,५०,२३९।– घट्ने नै हुँदा घर निर्माण लागत मूल्य जम्मा रु. ७०,००,९४४।– कायम हुने देखिएको।<br>निज प्रतिवादीले सोही घरमा रहेका इलेक्ट्रिकल उपकरणहरुको मूल्य आधा घटाई गणना गर्नुपर्ने र रु. ४,००,०००।– बराबरको फर्निचरहरु प्रतिवादीका छोरा बरुणबाबु रिजाल र सुप्रभा सापकोटाको विवाहमा माइतीबाट उपहार प्राप्त गरिएको जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, हाल प्रचलित बजार मूल्यको आधारमा वादीले उल्लिखित सामानको मूल्य कायम गरी गणना गरेको अवस्थामा सोको आधा मूल्य कायम गर्नुपर्ने कुनै आधार प्रमाण पेश भएको नदेखिएको। विवाहमा फर्निचरहरु उपहार स्वरुप माइतीबाट दिने परम्परा रहेकोले सोको प्रमाण दिन नसकेता पनि न्यायिक अनुमानको आधारमा रु. ६०,०००।– बराबरको फर्निचर प्राप्त भएको हुन सक्ने देखिई फर्निचरहरु र Interior Decoration तर्फ रु. ६०,०००।– घटाई गणना हुने देखिएको।<br>त्यसैगरी, प्रतिवादी रामजी रिजालको नाममा रहेको जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १ स्थित कि.नं. १६५८, १६६० र २४७२ को जग्गामा निर्माण गरिएका घर/टहराहरुको निर्माण लागत रु. १,८८,६०,३४४।– र उक्त घर/टहराहरुमा रहेका फर्निचरहरु र Interior Decoration रु. ५,०२,२५९।– गरी घर/टहराहरुको निर्माण लागत मूल्य जम्मा रु. १,९३,७२,६०३।– आयोगबाट कायम गरिएको सम्बन्धमा प्रतिवादीले अवकाश प्राप्त गरेपछि Motel De Batuwa Pvt. Ltd. सञ्चालनार्थ ६ वटा घर/टहराहरु निर्माण भएकोले त्यसतर्फको व्यय गणना गर्न मिल्ने नदेखिएको।<br>यसरी, यस शीर्षकमा प्रतिवादी रामजी रिजालको नाममा रहेको जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं. १ स्थित कि.नं. १६५३ को जग्गामा निर्माण गरिएको घर र प्रतिवादी स्वस्थानी रिजालको नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. १५९ र १६१ को जग्गामा निर्माण गरिएको घर समेत गरी २ स्थानमा रहेका घरहरुको मात्र कूल निर्माण लागत जम्मा रु. ८०,७५,३९०।– हुने देखिएको।<br>**(ङ) सवारी साधन खरिदमा खर्चः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी रामजी रिजालको जम्मा रु. १५,८२,०००।– खर्चमा गणना गरिएकोमा बा. ५९ प ७७५९ नम्बरको मोटरसाइकल खरिदमा रु. ३,००,०००।– कायम गरेकोमा रु. २,५१,९००।– मात्र कायम हुनुपर्ने र मिति २०७२/०८/१० मा सुप्रभा सापकोटा रिजाललाई माइती पक्षबाट खरिद गरिदिएको बा. ७० प ६५२३ नम्बरको स्कूटर खरिद खर्च रु. १,६७,०००।– व्ययतर्फ गणना गर्न नमिल्ने भनी जिकिर यी प्रतिवादीले लिएको देखिन्छ। | अदालतबाट दशैं र चाडपर्व भत्ता रु. १,६३,९१०।-; महंगी भत्ता रु. ८,४००।-; कृषि आय रु. ९५,१००।-; घर बहाल आय रु. १२,२०,०००।-; प्रतिवादी रामजी रिजालकी बुहारी सुप्रभा सापकोटाले टिकाटालो र विवाहमा प्राप्त गरेको दान दक्षिणा, उपहार वापत रु. ५,००,०००।– र प्रतिवादी रामजी रिजालका छोरा स्व. अरुणबाबु रिजालको बीमा आय र क्षतिपूर्ति आय रु. ५,५६,४५०।– आयमा कायम गरिएकोमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>**(ग) व्ययतर्फः**<br>प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट सम्मानित अदालतबाट प्रतिवादी रामजी रिजालको घरहरुको (घरमा जडित इलेक्ट्रिकल उपकरण एवम् फर्निचर लगायतको फिनिशिङ्ग) निर्माण लागत शीर्षक अन्तर्गत प्रतिवादी रामजी रिजालले निजकी श्रीमति प्रतिवादी स्वस्थानी रिजालको नाममा रहेको जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. १६ स्थित कि.नं. १५९ र १६१ को जग्गामा निर्माण गरिएको घर ठेक्कामा नदिई आफैले निर्माण गरेकोले घर निर्माण खर्चमा Overhead Cost १५% र ठेक्का कर ५% गरी जम्मा २०% ले हुने खर्च |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | यस सम्बन्धमा, निज प्रतिवादीले पेश गरेको रसिदबाट सो मोटरसाइकलको मूल्य रु. २,५१,९००।– खुलेको देखिँदा सोही मूल्य कायम हुने देखिएको; सुप्रभा सापकोटा रिजालको नाममा दर्ता रहेको बा. ७० प ६५२३ नम्बरको स्कूटर विवाह भएको धेरै समयपछि मिति २०७२/०८/१० मा खरिद गरिएको र निज प्रतिवादीले माइती पक्षबाट खरिद गरिदिएको पुष्टि हुने प्रमाण पनि पेश गर्न नसकेकोले यी प्रतिवादीको जिकिर पुग्न नसक्ने र Motel De Batuwa Pvt. Ltd. को नाममा दर्ता रहेको रु. ११,१५,०००।– मा खरिद गरिएको Scorpio Jeep प्रतिवादीले अवकाश प्राप्त गरेपछि खरिद गरिएको देखिँदा सोको खर्च समेत व्ययतर्फ गणना गरेको आरोपदावी सो हदसम्म मिलेको नदेखिँदा सो घटाई सवारी साधन खरिदतर्फ जम्मा व्यय रु. ४,१८,९००।– कायम हुने देखिएको।<br>**(ढ) बैंकहरुबाट लिइएका कर्जा सेवाशुल्क एवं कर्जा चुक्तामा साँवा ब्याज समेत तिरेबुझाएको रकमः**<br>यस शीर्षकमा आयोगले जम्मा रु. ७२,०१,२६९।– कायम गरेकोमा प्रतिवादी रामजी रिजालले मिति २०७४/०१/१५ मा सेवाबाट अवकाश प्राप्त गरेपछि आयोगले व्यय गणना गरेको हदसम्म मिलेको नदेखिँदा मिति २०७४/०८/१० मा प्रतिवादी स्वस्थानी रिजालको नामबाट प्रभु बैंक, पर्वतमा बुझाएको कर्जा चुक्ता रकम रु. ४७,०००।–, मिति २०७५/०१/२७ मा सेवा शुल्क वापत बुझाएको रु. ३,०००।– र मिति २०७४/०८/२४ देखि मिति २०७५/०८/२४ सम्म बुझाएको जम्मा रु. ७,७८,८३७।– समेत कूल जम्मा रु. ८,२८,८३७।– घटाई यस शीर्षकमा जम्मा रु. ६३,७२,४३२।– कायम गरी व्यय गणना हुने देखिएको।<br>**(ण) विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुको साधारण तथा संस्थापक शेयर खरिदः**<br>यस शीर्षकमा आयोगले जम्मा रु. १४,४८,९००।– कायम गरेकोमा प्रतिवादी रामजी रिजालले प्रतिवादी स्वस्थानी रिजालले खरिद नै नगरेको युनाइटेड मोदी हाइड्रोपावर लि. को ५२ कित्ता शेयरको रु. ५,२००।– खर्चबाट हटाउनु पर्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीको जिकिर बमोजिम नै यस शीर्षकमा रु. ५,२००।– रकम घटाई जम्मा रु. १४,४३,७००।– कायम हुने देखिएको।<br>**(त) Pegasus Travel & Tours (P.) Ltd. र संजीवनी आयुर्वेदिक डिस्ट्रिब्युटर्स मा गरेको दर्ता तथा सञ्चालनार्थ लगानीः**<br>यस शीर्षकमा आयोगले कायम गरेको Pegasus Travel & Tours (P.) Ltd. को व्यय रकम रु. १०,००,०००।– खण्डन हुने प्रमाण पेश गर्न नसकेकोले सो हदसम्म उक्त कम्पनीको पूँजी बृद्धि नभएको तथा कुनै शेयर लगानी नरहेको भन्ने प्रतिवादीको जिकिर पुग्न नसक्ने देखिएको।<br>**(थ) सुन/चाँदी/गरगहना खरिदः**<br>यस शीर्षकमा आयोगले कायम गरेको सुन खरिदतर्फको लगानी रु. १,७५,०००।– खण्डन हुने प्रमाण पेश गर्न नसकेकोले सो हदसम्म उक्त रकम छोरा बरुणबाबु रिजालको विवाह खर्चमा गणना गरिसकेकोले सुन खरिदको दोहोरो खर्च हटाउनु पर्ने भन्ने प्रतिवादीको जिकिर पुग्न नसक्ने देखिएको।<br>(द) प्रतिवादी रामजी रिजालको जाँच अवधिको समग्र व्यय सम्बन्धमा आयोगबाट जग्गा खरिदमा रु. ३,७७,९०७।-; जग्गा प्राप्ति र र.पा. दस्तुर रु. ११,८१०।-; शैक्षिक खर्च रु. ३,२४,०००।-; बैंकहरुबाट लिइएका कर्जा सेवाशुल्क एवं कर्जा चुक्तामा साँवा ब्याज समेत तिरेबुझाएको रकम रु. ७२,०१,२६९।-; सवारी साधन बीमा खर्च रु. ६,०५९।-; जीवन बीमा वापत नेपाल लाईफ इन्स्योरेन्स कं.लि.मा तिरे बुझाएको बीमा प्रिमियम शुल्क खर्च रु. ६,८२,७५०।-; प्रतिवादीहरुका | जम्मा रु. १७,५०,२३९।– घट्ने नै हुँदा उक्त घर निर्माण लागत मूल्य जम्मा रु. ७०,००,९४४।– र विवाहमा फर्निचरहरु उपहार स्वरुप माइतीबाट दिने परम्परा रहेकोले सोको प्रमाण दिन नसकेता पनि न्यायिक अनुमानको आधारमा रु. ६०,०००।–बराबरको फर्निचर प्राप्त भएको हुन सक्ने देखिई सोही घरको फर्निचरहरु र Interior Decoration तर्फ रु. ६०,०००।– घटाई गणना भएको; सवारी साधन खरिदमा खर्च शीर्षक अन्तर्गत प्रतिवादीले पेश गरेको रसिदबाट बा. ५९ प ७७५९ नम्बरको मोटरसाइकलको मूल्य रु. २,५१,९००।– खुलेको देखिँदा सोही मूल्य कायम भएको र विभिन्न बैंक तथा वित्तीय संस्था एवं कम्पनीहरुको साधारण तथा संस्थापक शेयर खरिद शीर्षक अन्तर्गत प्रतिवादी रामजी रिजालले प्रतिवादी स्वस्थानी रिजालले खरिद नै नगरेको युनाइटेड मोदी हाइड्रोपावर लि. को ५२ कित्ता शेयरको रु. ५,२००।– रकम घटाई यस शीर्षकमा जम्मा रु. १४,४३,७००।– कायम गरिएको सम्बन्धमा अन्यथा पुष्टि हुने अवस्था नदेखिँदा वादीको जिकिर रहेको छैन।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी रामजी रिजालको जाँच अवधिको समग्र व्यय जम्मा **रु. ४,७३,९४,२७९।-** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | छोरा बरुण बाबु रिजालको विवाह खर्च रु. ३,५०,०००।-; जापान भ्रमण पारिवारिक खर्च रु. १,५०,०००।– र बैंक मौज्दात रु. ८,०४,८९१।– कायम गरिएकोमा प्रतिवादीले विवाद नगरेको देखिएको।<br>(ध) **Motel De Batuwa Pvt. Ltd. को दर्ता खर्च र लगानीः**<br>यस शीर्षकमा आयोगबाट प्रतिवादी रामजी रिजालको जाँच अवधिमा जम्मा रु. ६०,१५,०००।– खर्चमा गणना गरिएकोमा निज प्रतिवादीले अवकाश प्राप्त गरेपछि मिति २०७४/१०/१९ मा दर्ता गरेको Motel De Batuwa Pvt. Ltd. को दर्ता खर्च रु. १५,०००।- र लगानी रु. ६०,००,०००।– समेत व्यय कायम गरेको हदसम्म वादी दावी मिलेको नदेखिँदा व्ययबाट घटाउनु पर्ने देखिएको। | **(अक्षरुपी चार करोड तिहत्तर लाख चौराननब्बे हजार दुई सय उनासी रुपैयाँ)** र जाँच अवधिको समग्र वैधानिक आय रु. २,२५,१७,४२१।६० **(अक्षरुपी दुई करोड पच्चीस लाख सत्र हजार चार सय एक्काइस रुपैयाँ र साठी पैसा)** देखिएकोले निज प्रतिवादीले रु. २,४८,७६,८५७।४० **(अक्षरुपी दुई करोड अठ्चालिस लाख छिहत्तर हजार आठ सय सन्ताउन्न रुपैयाँ र चालिस पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा **बिगो रु.** २,४८,७६,८५७।४० **(अक्षरुपी दुई करोड अठ्चालिस लाख छिहत्तर हजार आठ सय सन्ताउन्न रुपैयाँ र चालिस पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिन्छ। सम्मानित विशेष अदालतबाट आंशिक वादी दावी पुग्ने ठहरी भएको त्रुटिपूर्ण फैसला बदर गरी मिसिल संलग्न माथि विवेचित प्रमाणहरुबाट आयोगको मागदावी तथा जिकिर, प्रतिवादीको जिकिर र सम्मानित विशेष अदालतको मूल्याङ्कन समेतका आधारमा प्रतिवादीको आय र व्यय कायम गरी सो हदसम्म फैसला गरी पाउन। |